## जामले हैरान

काठमाडौं । पेप्सिकोला प्लानिङका राजेन्द्र थापा बिहीबार बिहान ९:३० बजे नयाँ बानेश्वरस्थित कार्यालयमा आउन नेपाल यातायातको बस चढेकोमा ११:३० बजे मात्र बानेश्वर आइपुगे । जाम नभएको समयमा २५ मिनेटमा सामान्य गतिमा आइपुग्ने दूरी तय गर्न दुई घन्टा लागेपछि उनको कार्यालय समय नै चौपट भएको थियो । राजेन्द्र थापाको निर्यात पेप्सिकोला तर्फबाट आउने सबैले भोग्ने गरेका छन् । जडीबुटीको जाम झन्डै पेप्सिकोला चोकसम्म दिनहुँ तन्किने **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## भ्रमणका नाममा राज्यकोष दोहन

काठमाडौं । गत आर्थिक वर्ष २०७३।७४ मा सरकारी कर्मचारीले विदेश भ्रमणका नाममा राज्यकोषबाट २ अर्ब २० करोड रुपैयाँभन्दा बढी खर्च गरेको भेटिएको छ । अर्थमन्त्रालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०७३।७४ को बजेटको वार्षिक प्रगति मूल्यांकन प्रतिवेदनमा उक्त रकम खर्च भएको खुलाइएको छ ।

कर्मचारीले गत आर्थिक वर्षमा विदेश भ्रमणमा खर्च गरेको रकम विज्ञान तथा प्रविधि मन्त्रालय र सहकारी तथा **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ५, २०७५ साल जेठ ४ गते शुक्रबार, नेपाल संवत् ११३८ (May. 18, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेपालको सार्वभौमिकतामाथि मोदीको हस्तक्षेप

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दुई दिने नेपालको राजकीय भ्रमणको 'ह्याङओभर' अझै उत्रिसकेको छैन । मोदी भ्रमणपछिको राजनीतिक तरंगले नेपाली राजनीतिलाई तरंगित गरिरहेको छ । मोदी भ्रमणले नेपालले के पायो ? के नेपाल, भारतबीच अब साँच्ची नै कुनै असमझदारी छैन ? जस्ता प्रश्नहरु उठेका छन् । मोदीको भ्रमण केवल तीर्थाटन मात्र रहेको र नेपालको हितसँग मोदीको कुनै साइनो नगाँसिएको प्रस्ट छ । यद्यपि मोदीले नेपालबाट रक्सौल-काठमाडौं रेलवे सेवा विस्तारको कोरियाले पाएको जीपीआर खोस्न सफल भएका छन् भने बहुचर्चित अरुण तेस्रो जलविद्युत परियोजना पनि हात पारेका छन् । मोदीले नेपाललाई एक अर्ब चारो फालिदिए त्यो पनि प्रदेश नं. २ का लागि । नेपालले उठाएका सीमा समस्या, भारतीय बाँध, पुल र सडकका कारण नेपालमा भइरहेको डुबान समस्या, व्यापारघाटा कम गर्न नेपाली उत्पादनहरुको भारतमा सहज निर्यातको व्यवस्था जस्ता राष्ट्रिय महत्वका विषयमा मोदीले 'हुनेछ' र 'गरिनेछ' जस्ता आश्वासनका पुलिन्दामा मात्र सीमित गरिदिएका छन् । नेपाल-भारतबीचका कैयन असमान सन्धि र सम्झौताबारे दुई पक्षबीच न त कुनै चर्चा नै भयो । मोदी सिधै भारतीय सैनिक कमान्डोका साथ जनकपुर छिरे । उनी आउनु अघिल्लै दिन भारतीय ब्लाक कमान्डोले जनकपुरमा गरेको मार्चपासले नेपालको सार्वभौमिकतामाथि धावा बोलेकोमा देशभक्त नेपाली जनता मर्माहत देखिए ।

मोदीको भारतीय राजनीतिमा यात्रा धार्मिक पृष्ठभूमिबाट भएको हो । राजनीतिमा आउनुअघि उनमा संन्यासी बन्ने धुन सवार थियो । आफ्नै विवाहिता पत्नीलाई समेत त्याज्य गरेर नेपालकै हिमालयतिर तपस्या गर्न आएका समाचार पनि नसुनिएका होइनन् । राष्ट्रिय स्वयंसेवक संघ -आरएसएस) बाट उनको राजनीतिक यात्राको आरम्भ भयो । मोदी गुजरातका मुख्यमन्त्री बनाइए । भारतीय जनता पार्टीका



तत्कालीन अध्यक्ष लालकृष्ण आडवाणीका विश्वासपात्र भएर गुतराज र बनारस दुवै क्षेत्रबाट उनी संसदीय निर्वाचनमा उठ्न सके र जिते पनि । मोदी आफू मात्र ुनाव जितेनन् आफ्नो जादुमय वाककलाले सिंगो भाजपालाई नै बहुमतमा पुर्याइदिए । आरएसएसको दबाबमा उनलाई भावी प्रधानमन्त्रीको रुपमा निर्वाचनमा अघि सारिएको थियो । धर्मनिरपेक्ष भारतमा हिन्दू अतिवादी भाजपाको जित हिन्दू सांस्कृतिक पुनर्जागरणको रुपमा विश्लेषण गरियो । धर्मनिरपेक्षको पक्षधर भारतीय राष्ट्रिय कांग्रेसको निर्वाचनमाा पत्तासाफ भयो । भारतीय कम्युनिस्टहरु समेत नराम्ररी पछारिए । मोदीले भारतको केन्द्रीय राज्यसत्ताको नेतृत्व सम्हालेको चार वर्षमै भारतमा क्षेत्रीय पार्टीहरुलाई आफ्नो अस्तित्व जोगाउन समेत सकस परेको छ । २९ वटा राज्यमध्ये २२ वटामा भारतीय जनता पार्टीको सरकार छ । पछिल्लो कर्नाटक विधानसभा निर्वाचनमा समेत भाजपाले कांग्रेसलाई उछिनेको छ । यस निर्वाचन परिणामलाई भावी प्रधानमन्त्री को बन्छ भन्ने सूचकांकको रुपमा लिइएको छ । उत्तरप्रदेश, विहार, मध्यप्रदेश र राजस्थानको निर्वाचन परिणामले सत्ता सम्हाल्ने पार्टी र त्यसको नेतृत्वको लगभग निश्चित गर्छ । भारतमा बढ्दो भाजपा प्रभावले मोदीलाई दोस्रो कार्यकालका लागि फेरि खडा गर्दैछ ।

'राजद्रोही देश द्रोही' को नारा लगाउने भाजपा नेता समेत रहेका प्रधानमन्त्री मोदीको राम जानकी मन्दिरमा पूजा अर्चना गर्ने धोको यसपटक पूरा भएको छ । 'नेपालबिना राम अधुरा भारतका धाम अधुरा' भन्दै नेपालको महत्व बताएर परोक्ष रुपमा नेपाली हिन्दू जनताको मन जित्न पनि खोजे । मोदीलाई थाहा छ नेपालमा ९० प्रतिशत हिन्दूहरु छन् । जनकपुरमा उनको भव्य स्वागत गरियो । छुट्टै मधेस राज्यको ब्यानरसमेत देखे उनले । आफ्नो जयजयकारसँगै मधेस राज्यको पक्षमा सिके राउतका कार्यकर्ताले नाराबाजी गरेको पनि सुने उनले । जानकी मन्दिरमा बेढंगको नेपालको राष्ट्रिय झन्डा देखेर के सोचे कुन्नि मोदीले । नेपालको संविधान विभेदकारी भएको, संविधान संशोधन हुनुपर्ने, सरकारले मधेसलाई भेदभाव गरेको थुप्रै बिन्ती लालबाबु राउतले मोदी **बाँकी ८ पेजमा**

## गण्डकपीडित आन्दोलनमा उत्रने

नवलपरासी । पश्चिम नवलपरासीको गन्डक प्रभावित समुदायले भारतले क्षतिपूर्ति नदिए भारतमा सिँचाइका लागि पानी जाने भारतीय नहर थुनेर आन्दोलनमा उत्रने चेतावनी दिएका छन् । गन्डक कमान्ड क्षेत्रभित्र बर्सेनि भइरहेको नोक्सानीको क्षतिपूर्तिको माग सुनुवाइ नभएको भन्दै गन्डकपीडितले पुनः फेरि ' पानी रोकौं' आन्दोलनमा उत्रने चेतावनीसमेत दिएका हुन् ।

गन्डक सम्झौताको मर्मअनुरुप भारतले काम नगरिदिएका कारण पश्चिम नवलपरासीका साविक १३ गाविस क्षेत्रका बालीनाली सबै डुबानमा पर्ने कारणले त्यहाँका किसान नोक्सानी व्यहोर्न बाध्य छन् । मागप्रति बेवास्ता गरे आफूहरु संघर्षमा उत्रन बाध्य हुने गन्डक नदी **बाँकी ८ पेजमा**

## मदन पथमा प्रचण्डको छलाङ

काठमाडौं । एमाले र माओवादी केन्द्रबीचको बहुप्रतिक्षित पार्टी एकता सम्पन्न भएको छ । मदन-आश्रित स्मृति दिवसको आइत पारेर हिजो दुई पार्टी एक भएको घोषणा गरियो । प्रचण्डपथका प्रणेता प्रचण्डले अब मदन पथमा छलाङ मारेका छन् । एमालेसँगको एकतापछि माओवादीले गरेको दशक लामो सशस्त्र द्वन्द्व आवश्यक र उपादेयताको प्रसंग पनि सेलाएर गएको छ । एमालेले आफैंले गरेको २०२८।०२९ सालको झापा विद्रोहलाई उग्र वामपन्थ भड्काव भनेर आत्मालोचना गरिसकेको छ । अब प्रचण्डले कथित जनयुद्ध गलत थियो भनेर कहिल्यै आत्मालोचना गर्ने हुन् ?

दीर्घकालीन सशस्त्र छापामारद्वारा गाउँले सहरलाई घेर्दै केन्द्रीय राज्यसत्ता कब्जा गर्ने रणनीतिक लक्ष्य लिएर राज्यपक्षसँग युद्ध लडेका प्रचण्ड अब मदन **बाँकी ८ पेजमा**

## कडा सुरक्षा बाबजुद कालो झण्डा र ब्यानर







ओली सरकारले जतिसुकै भारतभक्ति देखाए तापनि राष्ट्रवादी नेपाली जनताले त्यसको भण्डाफोर गर्दै मोदी र भारतको हेपाहा प्रवृत्तिको विरुद्ध प्रदर्शन गर्न सफल भएका छन् । कसैले मोदीलाई विषालु गोमन र नेपाली स्वतन्त्रताको महान शत्रु भन्दै प्लेकार्ड प्रदर्शन गरे भने कसैले मोदी र उसको नेपाली नोकरको पुत्लासमेत दहन गर्न भ्याए । शिलान्यास हुँदा नहुँदै अरुण योजना कार्यालय बमले ध्वस्त हुनुले अरुणले पनि पंचेश्वरको नियति भोग्ने स्पष्टै छ । हिजो बिबिसीमा नेपाललाई भारतमा विलय गराउँदा कसो होला भनेर रेडियो कार्यक्रम संचालन गर्ने रविन्द्र मिश्रसम्मको दलले एमाले-माके सरकारको भारत भक्तिको उपहास गर्नु आफैंमा अनौठो देखिएको छ । यस्तो संस्कार **बाँकी ८ पेजमा**

## व्यापारघाटा ९ खर्ब रूपैयाँ पुग्ने

काठमाडौं । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको नेपाल भ्रमणका बेला नेपालले व्यापारघाटा न्यूनीकरणको विषयलाई उठायो । नेपालको भारतसँगको बढ्दो व्यापारघाटा न्यूनीकरण गर्न दुवै देश सहमत भए पनि व्यापारघाटा न्यूनीकरणको ठोस उपाय भने अझै खोजि गरिएको छैन । प्रधानमन्त्री ओलीको भारत भ्रमणको मुख्य एजेन्डामध्ये व्यापारघाटा न्यूनीकरण गर्ने विषय पनि एक थियो । दुवै प्रधानमन्त्रीको भ्रमणपछिका संयुक्त वक्तव्य लगायत भ्रमणका क्रममा सार्वजनिक भएका दस्तावेजहरु व्यापारघाटा न्यूनीकरणका लागि भनेर कुनै विषय उठाइएको छैन ।

कुल वैदेशिक व्यापारको ६४ प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने छिमेकी मुलुक भारततर्फ निर्यातको तुलनामा आयात वृद्धि उच्च हुँदा व्यापारघाटा डरलाग्दो बढिरहेको भन्सार विभागको तथ्यांकले देखाउँछ । यस आर्थिक वर्षको नौ महिनामै नेपालले भारतसँगको व्यापारमा ५ खर्ब ४१ अर्ब ७ करोड ७६ लाख रुपैयाँ घाटा व्यहोरेको छ । जुन अघिल्लो आवको तुलनामा १ खर्ब २ अर्ब ९२ करोडले बढी हो । अघिल्लो आव २०७३।७४ को नौ महिनामा नेपालले भारतसँगको व्यापारमा ४ खर्ब, ३८ अर्ब र ८६ करोड रुपैयाँ घाटा व्यहोरेको थियो ।

पछिल्ला वर्षमा भारततर्फको व्यापारघाटा उच्च दरमा बढिरहेको छ । अघिल्लो आर्थिक वर्षमा भारतसँगको व्यापारघाटा ३५ दशमलब ३ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७२।७३ मा भारतले लगाएको नाकाबन्दीका कारण भारतसँगको व्यापारघाटा शून्य दशमलव ४ प्रतिशतले बढेको थियो । नेपालले १ सय २४ मुलुकसँगको व्यापारमा घाटा व्यहोरेको छ । चालु आर्थिक वर्षको नौ महिनासम्ममा नेपालले १ सय ४६ वटा मुलुकसँग व्यापार गरेको थियो जसमध्ये २२ मुलुकसँगको व्यापारमा मात्र नाफामा रहेको भन्सार विभागको तथ्यांक छ ।

आर्थिक वर्ष २०७३/७४ मा नेपालले १ सय ६५ मुलुकसँग व्यापार गरेको थियो । यसमध्ये १ सय ४० मुलुकुसँग व्यापार घाटामा गएको थियो । त्यसअघि आव २०७२।७३ मा नेपालले कुल १ सय ८६ मुलुकसँग व्यापार गरेको थियो । यसमध्ये १ सय ४० मुलुकसँग भएको व्यापारमा नेपालले घाटा बेहोरेको थियो । विश्वका १ सय ५८ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध रहेको छ । १ सय ४४ मुलुकसँग नेपालले द्विपक्षीय सम्बन्ध राखेको थियो । कूटनीतिक र द्विपक्षीय सम्बन्ध नभएका मुलुकसँग पनि नेपालले व्यापार गर्ने गरेको भन्सार विभागको तथ्यांकमा उल्लेख छ ।

नेपालले आफ्नो कुल वार्षिक बजेटको दुई तिहाईभन्दा बढी रकम बराबर व्यापारघाटा **बाँकी ८ पेजमा**

## मोदी भ्रमणका गतिविधि सार्वभौमसत्ता र स्वाभिमानको बर्खिलाप : माले

काठमाडौं । नेकपा मालेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यही बैशाख २८ र २९ गते भएको नेपाल भ्रमणका सन्दर्भमा उठेका केही बिषयमा पार्टी धारणा सार्वजनिक गर्न प्रेस-विज्ञप्ति जारी गरेको छ । महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

नेपालका प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण (२३-२५ चैत, २०७४) र यसको लगत्तै भएको भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीको नेपाल भ्रमण (२८-२९ वैशाख, २०७५) मार्फत् संविधानसभाद्वारा संविधान जारी गरिने समयदेखि नेपाल-भारत सम्वन्धमा उत्पन्न विग्रहका तात्कालिक कारणहरू समाधान भई आपसी सम्वन्ध सामान्यीकरण हुँदै उच्चस्तरतर्फ बढेको दावी सरकारी पक्षबाट गर्न थालिएको छ । तर दुवै भ्रमणकालमा दिल्ली (२४ चैत, २०७४) र काठमाडौं (२९ वैशाख, २०७५) बाट जारी गरिएका संयुक्त प्रेस-विज्ञप्ति र भ्रमणका दौरान महत्वपूर्ण अवसरमा भारतीय प्रधानमन्त्रीबाट व्यक्त विचारहरूको अध्ययन गर्दा सम्वन्ध विग्रहका तत्कालिन कारणहरू समाधान भएको कुनै अभिव्यक्ति पाइदैन । अतः तात्कालिन अवस्थामा बिग्रिएको नेपाल-भारत सम्वन्धमा गरिएको रङरोगनलाई नै सम्वन्ध विग्रहको तात्कालिक कारणहरू समाधान भएको मान्नु हुँदैन भन्ने पार्टीको ठहर रहेको छ ।

नेपालको सुरक्षा व्यवस्था सक्षम र प्रभावकारी हुँदाहुँदै **बाँकी ८ पेजमा**

## कालापानीको स्वामित्वबारे किन सरकार चुप ?

■ सुस्मिता राणा

काठमाडौं । कालापानी नेपालको सुदूरपश्चिमको उत्तरी क्षेत्रमा अवस्थित नेपाल भारत र चीन (तिब्बत) बीचको सीमा हो । सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपालको पश्चिम सीमा मानेको छ र कालीनदीपूर्वको भूभागलाई नेपालको भूमि मानेको छ । सन् १९४२ सम्म पनि भारतले आफ्नो कक्षा ३ को पाठ्यपुस्तकमा आफ्नो सीमा कुटी नदी -कालीनदी) नै हो भनेर उल्लेख गरेको थियो । दक्षिण एसियामा भारतको दादागिरीलाई चियो गरिरहेको चीनले उसको औकातलाई लात मार्न सन् १९६२ अक्टोबर २० का दिन भारतको लद्दाखमा चिनियाँ




सशस्त्र लालफौजले भारतीय सेनाको दोहोलो काडे । चीनले तत्कालै धाउला क्षेत्रमा पनि प्रहार गरेपछि जवाहरलाल नेहरुले पञ्चशीलको नारा अघि सारे । भारतले आफैं निहुँ खोजेर चीन सीमामा अनावश्यक फौजी गतिविधि देखाउन थालेको थियो । देहरादुनको गोर्खा रेजिमेन्टको जेजु बाहिनीलाई सन् १९५६ मा ताक्लाकोट दक्षिणको नेपाली भूभाग तुलसी न्यु राङमा राखेको थियो जसलाई आज कालापानी नाउँले चिनिन्छ । भारत पहिल्यै लद्दाख क्षेत्रको दौलतबेग ओल्दीमा पाँचौंजाट बटालियन राखेर बसेको थियो । त्यसलाई हराउँदै लालसेनाले दामाचोक जार्ला र चुशुल कब्जा गर्‍यो । चुशुलमा रहेको भारतीय वायुसेनाको सम्पूर्ण विमानभेदी शस्त्र, युद्धजहाज, हेलिकप्टरहरु नष्ट भए । चिनियाँ सेनाले भारतीय सेनालाई लखेट्दै दक्षिणतर्फ अघि बढे । भारतीय सेना धमाधम हतियार बुझाउँदै आत्मसमर्पण गर्न थाले । चिनियाँ प्रधानमन्त्री चाउएनलाइले भारतीय प्रम नेहरुलाई प्रस्ट रुपमा सन्देश पठाए हाम्रा लालफौज बिहानको खाना देहरादुनमा खानेछन् र रात्रिको भोज नयाँदिल्लीमा गर्नेछन् । तत्कालै चीनले असम क्षेत्रमा हमला गर्‍यो । नेहरुले कस्मिरमा तैनाथ गोर्खा रेजिमेन्टलाई अरुणाचल र असममा तैनाथ गरे । तर चिनियाँ फौजले गोर्खा रेजिमेन्टलाई हरायो । पूर्व पश्चिमको २४ हजार वर्गमाइल क्षेत्र गुमाउँदै सन् १९६३ जनवरी २१ मा भारतले युद्धविरामको सहमति गर्‍यो ।

सन् १९६२ मा भारतीय शासकहरुले कालीनदीको नक्कली मुहान सिर्जना गरेर नेपालको १९६०० हेक्टर भूमिलाई कब्जामा लिएर नक्कली सीमा स्तम्भ खडा गरे । त्यसबाट नेपालको कुटी गुन्जी र गुदी गरी तीन गाउँलाई भारतले आफ्नो बनायो । सन् १९६२ देखि भारतले **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# किन चाहियो सांसदलाई पैसा

निर्वाचन क्षेत्र विकासका नाममा सांसदलाई आफूखुसी खर्च गर्न ठूलो रकम बर्सेनि दिइँदै आएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत प्रत्यक्ष निर्वाचित सांसदलाई वार्षिक तीन करोड र निर्वाचन क्षेत्र विकास कार्यक्रममा ५० लाख समानुपातिक सांसद समेतलाई दिइँदै आएको छ । यस्ता कार्यक्रममा सांसदलाई दिइने रकम व्यापक दुरूपयोग भएको विषयमा सर्वत्र विरोध हुँदै आएको छ । यस पटक यो रकम १० करोड पुर्‍याउनु पर्‍यो भन्दै सांसदहरू बार्गेनिङ गरिरहेका छन् । यसरी बार्गेनिङ गर्नेमा सत्ता पक्षीय सांसदहरू रहेका छन् भने प्रतिपक्षी नेपाली कांग्रेसका नेता तथा सांसदहरूले यी दुवै कार्यक्रम बन्द गर्नुपर्नेमा जोड दिएका छन् । मुलुक संघीयतामा गइसकेको अवस्थामा विकासका काम स्थानीय तहबाटै हुने भएकाले सांसदलाई रकम आवश्यक नरहेको धारणा कांग्रेस सांसदहरूको छ भने सत्तापक्षीय सांसदहरू रकमका लागि चर्को लबिङमा लागिरहेका छन् ।

नीति निर्माणको भूमिकामा रहनुपर्ने सांसदहरू झोलामा पैसा बोकेर कनिका छरे जसरी विकासको रकम छर्दै गाउँ डुल्दा त्यसले थुप्रै विकृति जन्माएको छ । एक त बजेट ठूलो परिमाणमा दुरूपयोग हुने गरेको छ भने अर्कातिर यही बजेटको माध्यमले विजेता दल विशेषका सांसदहरूले जनताको स्वतन्त्र मतलाई प्रभावित गराउने गरेका छन् । एकातिर खाली हात चुनावमा जाने उम्मेदवार हुन्छन् भने अर्कातिर राज्यकोषको करोडौंको धोक्रो बोकेको व्यक्ति प्रतिस्पर्धामा रहेको हुन्छ । चुनावमा गरिने फजुल खर्चको भारसमेत सांसद विकास कोषको रकमले बोक्नुपर्ने हुनाले विकासका लागि दिइने रकम भ्रष्टाचारको माध्यम बन्ने निश्चित छ ।

विधायकहरू विधि निर्माता हुन् । यिनीहरू गहन अध्ययन, चिन्तन, मननमा लागेर मुलुकलाई आवश्यक राम्रा कानुन निर्माण गर्ने भूमिकामा संलग्न रहनुपर्छ । तर यसका विपरीत फाइल बोकेर विभिन्न मन्त्रालय, योजना आयोग, विभागहरू लगायत विकासे अड्डामा चहारेर सांसदहरूले दिन बिताउने गरेका छन् । गम्भीर विषयको छलफल संसदभित्र चलिरहँदा पनि सांसदका कुर्सीहरू प्रायःजसो खाली देखिने कारण पनि सांसदको ध्यान अन्यत्र लागेर नै हो । अब परिस्थितिले कोल्टे फेरिसकेको अवस्था छ । विकासको काम गर्न स्थानीय तहदेखि प्रदेश सरकारसम्म सक्रिय रहेको अवस्थामा संघीय सांसदका सदस्यहरूले विकासका नाममा रकम माग्नुको कुनै औचित्य छैन ।

विगतमा कमजोर सरकार भएको अवस्थामा सांसदहरूलाई सत्ताको समर्थनमा सधैंभरि संलग्न गराउनका लागि सांसदका जस्तासुकै माग पूरा गर्ने गरिन्थ्यो । प्राडो पजेरो गाडीको सुविधादेखि लिएर विदेश भ्रमण, औषधि उपचारका नाममा रकम लगायतका व्यवस्था गरेर सांसदलाई खुसी पारेर राखिन्थ्यो । त्यतिले नपुगेर विकासका नाममा सोझै रकम समेत दिन थालियो । यसरी सांसदलाई दिने रकममा ५० प्रतिशतभन्दा बढी भ्रष्टाचार हुने गरेका तथ्य अनुसन्धान गरेको खण्डमा छर्लंग हुने छन् । सांसद सदस्यहरू नीति, निर्माणको माध्यमबाट मुलुकको विकासमा संलग्न बन्नुपर्छ । उनीहरूले विकास आयोजनाका अनुगमन गर्ने, सरकारको काम कारबाहीमा निगरानी राख्ने काम गर्नुपर्छ । आफैं पैसा लिएर विकासका नाममा रकम बाँढ्दै हिँड्दा निश्चय पनि त्यो शोभनीय मानिँदैन । विगतमा गरेको कार्यशैली फेर्न कठिन भए पनि अब सांसद सदस्यहरूले आफ्नो भूमिकामा परिवर्तन ल्याउनैपर्छ । सरकारसँग बजेट माग्ने होइन, कानुन बनाउने काम माग्नतिर सांसदको ध्यान जान आवश्यक छ ।

# मदन र वीरेन्द्रका हत्यारालाई कहिले पक्रने ?



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

**सन्दर्भ जेठ महिनाको**

भारतले पाकिस्तान विखण्डन गरी बंगलादेश बनायो, सिक्किमको स्वतन्त्रतालाई निलेर भारतमा विलय गरायो । अब उचित कदम नचाल्ने हो भने नेपालको अस्तित्व छैन भनेर नेपाललाई शान्तिक्षेत्र घोषणा गर्ने प्रस्ताव राख्ने अनि विश्वका ११६ देशहरुबाट यस प्रस्तावको पक्षका समर्थन बटुल्न सक्ने राजा वीरेन्द्रबाट नराम्ररी झस्कियो भारत ।


यस पंक्तिका लेखक तथा तत्कालिन रंगमंच पत्रिकाको सम्पादकलाई अन्तर्वार्ता दिँदै तत्कालिन एमालेका महासचिव मदन भण्डारीले टिस्टा काँगडाको भूमि नेपालको हो । यद्यपि हामी २०० वर्षदेखि अलग छौं, ग्रेटर नेपाल बनाउने हो भने जनमत लिने प्रकृयाबाट निर्णय लिन सकिन्छ भनेपछि एमालेभित्रका रअका एजेन्टहरु आतंकित भएका थिए । सुगौली सन्धिपछि नेपालमा जति सरकार बने तिनीहरु जनताका अगाडि जाँदा राष्ट्रवादी भई टोपल्ने अनि दक्षिणको अगाडि जाँदा लम्पसार पर्ने प्रवृत्ति देखियो । यो प्रवृत्तिको विरोध गर्दा भीमसेन थापा र माथवरसिंह थापा मारिए, कोतपर्व भण्डारखाल पर्व रचेर सम्पूर्ण राष्ट्रवादी भारदारलाई कत्तल गरी दक्षिणलाई रिझाइ नेपालमा शासन गर्ने संस्कार बस्यो । जंगबहादुरमात्रै एक यस्तो निस्किए जसले ब्रिटिसलाई रिझाएर भए पनि नयाँ मुलुक फिर्ता लिए । पूर्ण लम्पसारवाद अँगालेनन् । जंगबहादुरका छोराहरु अनि रणोद्दिपलाई मारेर वीरशमशेरले लम्पसारवादको फर्मूला निकाले । यिनैको पालादेखि राष्ट्रघाती गोर्खा भर्तिकेन्द्र खुल्यो । आँखा चिम्लेर ब्रिटिसको पक्षमा नेपालले प्रथम र द्वितीय विश्वयुद्ध लड्यो । नेपाल तिब्बतको परम्परादेखि चलिआएको ब्यापारलाई यंग हस्वेण्ड मिसन बोलाइ चन्द्र शम्शेरले ब्रिटिसको पोल्टामा हालिदिए जस्को सट्टामा बेलायत सरकारले नेपालको राजालाई हिज मेजेष्टी भन्न थाल्यो । राष्ट्रवाद वस्तु विनिमय गर्ने अनि आफ्नो सत्ता टिकाउने अस्त्र बन्यो । त्यही अस्त्र राजा त्रिभुवनले राणालाई फ्याल्न प्रयोग गरे, त्यही अस्त्र महेन्द्रले विपिलाई सिध्याउन प्रयोग गरे, अनि त्यही अस्त्र कांग्रेस र बामले पंचायत फाल्न प्रयोग गरे अनि फेरि त्यही अस्त्र माओवादी, कांग्रेस र एमालेहरुले राजतन्त्र फाली गणतन्त्र, धर्म निरपेक्षता, संघीयता ल्याउन प्रयोग गरे, ६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता प्रदान गर्न प्रयोग गरे । अहिले त्यही अस्त्र एमाले माकेको समर्थनमा आप्रवासी भारतीयहरु नेपाल विखण्डन गर्न प्रयोग गर्दैछन भने मदन भण्डारीको हत्यारा को रहेछ, वीरेन्द्रको वंश विनाश गर्ने को रहेछ, अनि अहिले आएर जनकपुर भारतमा गाभ्नुपर्छ भन्ने को रहेछ भन्ने स्पष्ट भयो कि भएन ? कथनीको राष्ट्रवाद र करणीको राष्ट्रवाद अब नेपाली जनताले छुट्याउने दिन आएको छ । भीमसेन थापादेखि मदन भण्डारी हत्या र वीरेन्द्र वंश विनाससम्म आउँदा कति सच्चा राष्ट्रवादीहरुको दक्षिणले कत्तल गर्‍यो भन्ने लेखाजोखा गर्ने दिन आएको छ । अब पनि नेपाली जनताले रअका एजेन्टहरुको राष्ट्रवादको नारामा भुलेर मत दिने हो भने के गति हुँदो रहेछ भनेर लेखाजोखा गर्ने कि नगर्ने ? मोदीले किन नाकाबन्दी गरेकोमा माफ मागेनन् ? किनकी त्यो नाकाबन्दी गराउने मोदी नभै उनका एजेन्टहरु नै थिए भनेर राजेन्द्र महतो आफैले स्वीकार गरिसकेको अवस्था छ ।

**सुगौली सन्धिपछि नेपालमा जति सरकार बने तिनीहरू जनताका अगाडि जाँदा राष्ट्रवादी भई टोपल्ने अनि दक्षिणको अगाडि जाँदा लम्पसार पर्ने प्रवृत्ति देखियो । यो प्रवृत्तिको विरोध गर्दा भीमसेन थापा र माथवरसिंह थापा मारिए, कोतपर्व भण्डारखाल पर्व रचेर सम्पूर्ण राष्ट्रवादी भारदारलाई कत्तल गरी दक्षिणलाई रिझाइ नेपालमा शासन गर्ने संस्कार बस्यो ।**

मोदीले किन नेपालको सार्वभौमिक अखण्डतालाई चुनौति दिँदै आफूसँग भारतीय सैनिक नेपाल ल्याए, किन मुस्ताङ जस्तो सामरिक महत्वको स्थलमा उनीहरुलाई लगियो ? किनकी व्यवहारमा भारत नेपाललाई स्वतन्त्र देश मान्दैन र हिमाललाई उसले आफ्नो उत्तरी सीमा मान्छ । यसपटकको मोदीको भ्रमणमा भएका व्यवहारले यो पुष्टी गरेको परिप्रेक्ष्यमा ओलीको राष्ट्रवाद परम्परावादी लम्पसारवादको अर्को एक कडी बन्न पुग्यो ।


मोदीलाई कालो झण्डा देखाउने अनि देखाउन सक्ने सबैलाई कसको आदेशमा खोरमा लगियो ? जनकपुरमा भारतीय सैनिकको परेड कस्को निर्देशनमा भयो ? हिजो भारतमा नेपालको राजाले भ्रमण गर्दा कालो झण्डा देखाउने बाबुरामले किन सोध्दैनन् यो प्रश्न ? किनकी उनी पनि त्यही ड्याङका मुला हुन् जनताको अगाडि जाँदा भारतसँग बंकर युद्ध गर्ने अनि भारतीय प्रभुको अगाडि लम्पसार पर्ने प्रचण्डका मतियार । यिनीहरु सच्चा राष्ट्रवादी हुन्थे भने सायद रअले यिनीहरुलाई मदन र वीरेन्द्रलाई जस्तै पहिले ठेगान लगाइ सकेको हुन्थ्यो । न त माओवादी जनयुद्ध नै सफल हुन्थ्यो, न वैद्य र विप्लवले पार्टी छोडन पर्थ्यो । यी नेपालका सत्तामा कसरी आए भन्दा जसरी भारतको गुलामी गर्नेहरु विगतमा आए त्यसरी नै आए भन्ने बुझिन्छ । अब यो कुरा राष्ट्रवादी नेपाली मतदाताले कहिले बुझ्ने ? मदन र वीरेन्द्रका हत्याराहरुलाई कहिले गिड्ने ? हरेक वर्ष आउने जेठ महिनाले आम नेपालीलाई सोध्ने प्रश्न यही हो ।

# मंगल पुस्तकालय २०१५ कै भवनमुनि बसेर



**जगदीश लामिछाने**
रौतहट, पौराई

गुह्येश्वरी माध्यमिक विद्यालयमा भक्तपुर जाने श्री ३ जंगबहादुरले बनाएको पुरानो राजमार्गकै छेउमा २०१५ वि.सं. भाद्र १५ गते हल्लाखल्ला हुन्छ । स्थानीय हरिप्रसाद शर्मा खनालले सबैलाई सम्झाएर श्रीमंगल पुस्तकालय २०१५ सिनामंगल नेपाल खोल्नुहुन्छ । गन्यमान्य रामप्रसाद लामिछाने, तारानाथ ढकाल, बुद्धिसागर भण्डारी आदिले सही गर्नुहुन्छ । मलाई पनि सही गराउनुहुन्छ । यो पुस्तकालय दुःखैसँग ठाउँठाउँ सर्दै हवाई अड्डा गौचरणले लखेट्दा लखेट्दै पनि त्रिभुवन विमानस्थल भन्सार कार्यालय अगाडि पक्की भवनको रुपमा शान्तिनगर जाने पीच बाटाकै उत्तरपट्टि पुस्तकालयकै मेहनतले तयार हुन्छ । विद्युत प्राधिकरणले खुसीसाथ बत्ती पनि बालिदिन्छ । स्थानीय शक्ति विनायक गणेशस्थान-देवदेवालय समेत बत्ती बलेपछि झलमल्ल हुन्छन् ।




आफ्नै वरिपरिका व्यक्तिहरुले हस्तक्षेप गरिरहन्छन् । पुस्तकहरु हराउँछन् । बिरामी अध्यक्ष हरिप्रसाद शर्माले दिक्क भएर हस्तक्षेप हटाइ दिनुहोस् भनी तत्कालीन एमाले सांसद विद्या भण्डारीलाई लिखित रुपमै गुहारिसकेपछि वि.सं. २०६०-४-४ का दिन अध्यक्ष हरिप्रसाद आफैं दिवंगत हुनुहुन्छ । एक डेढ वर्षपछि माननीय विद्या भण्डारी आई हेर्नु हुँदा पनि अझै मंगल पुस्तकालय २०१५ सिनामंगल नेपालको अवस्था उस्तै छ, दिनहीन छ । अरुहरुले पुस्तकालयमा व्यक्तिगत लाभ लिएकै छन् । अहिले पनि यही हो । पक्की ठूलो सिमेन्टेड मंगल पुस्तकालय २०१५ नेपाल सिनामंगल आफ्नै नाम टाँसिएको छ ।

विधान छैन भनुँ छ, पुरानै २०१५ कै छ । घर छैन भनुँ नयाँ छ । सुविधा स्थानीयले पाउनुपर्ने हो । घरघरमा छुट्टाछुट्टै पत्रिका किताबहरु किन्नुभन्दा पुस्तकालयमै आएर जनताले हेर्न पाउनुपर्ने हो तर जहिले पनि ताल्चा लागिरहेको छ । यो समय खोलिन्छ भनी लेखिएको छैन । सदस्य भएर किताब हेर्न खोज्दा पाइँदैन । अहिले कम्प्युटरको युगमा स्थानीयले चन्दा उठाइ किन्छु भन्दा पनि सुनिँदैन । दल विशेषको कार्यालय हो कि त भनुँ भने त्यसरी शिक्षा क्षेत्रमा कुनै पनि दलको कार्यालय हुनै नपर्ने हो । दलको झगडाले शिक्षा कहिल्यै फस्टाउँदैन । पुस्तकालय त सर्वसुलभ आफूले आफैंलाई नियन्त्रित गर्ने स्वतः सिद्ध पुरानो संस्था २०१५ को छाप भएको प्रख्यातै सिनामंगल काठमाडौं नेपालकै संस्था हो र हुनु पनि पर्छ ।

किन भएन सर्वसुलभ ? किन भएन सर्वप्रिय ? किन भएन हस्तक्षेपरहित ? पुस्तकालय पसल हो चक्लेट किन्ने ? पुस्तकालय मनोरञ्जन क्षेत्र हो सिनेमा कम्प्युटर खेल्ने ? पुस्तकालय व्यक्तिगत हो डेरा गर्ने ? पुस्तकालय भण्डार हो छिँडीमा थरी थरीका खेलौना राख्ने ?

यो पुस्तकालयको २०१५ देखिको बेलाबेलामा भएका निर्णयहरु, बेलाबेलामा खडा भएका दर्ता किताबहरु-बेलाबेलाका कागजपत्रहरु खोई कहाँ छन् ? ती कुनै हेर्न पाइन्छ कि भनेर आज पनि पुस्तकालयकै नाममुन्तिर आइरहेछु हेरिरहेछु । यही हो २०१५ भाद्र १५ गते पुरानो मेरै घरमाथि गुह्येश्वरी माध्यमिक विद्यालयमा खुलेको मैले आफैंले विधानमा सही गरेको मंगल पुस्तकालय २०१५ सिनामंगल नेपाल काठमाडौं । यो यही पत्रिकामा लगातार १८९ औं स्तम्भ लेख हो ।

**स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू** — मनसुन

# जोसेफ स्टालिन-२

रूसमा मजदुर, किसानहरूको राज्यव्यवस्था स्थापना भएपछिविश्वका अन्य पुँजीवादी मुलुकहरूलाई निद्रा लागेन । अमेरिका, ब्रिटेन, जापान, फ्रान्स, जर्मनीआदि १४ मुलुक सङ्गठित सशस्त्र शक्तिले समाजवादी रूसलाई धराशायी पार्न चारैतिरबाट आक्रमण गरे । शिशु समाजवादी रूस गम्भीर सङ्कटमा पर्‍यो । तर लेनिन, स्टालिनको नेतृत्वमा रूसी लालसेना र क्रान्तिकारी जनताले अदम्य साहस प्रदर्शन गरी साम्राज्यवादी शक्तिलाई ध्वस्त पारे । सोभियत मातृभूमिको रक्षा गरे र पुनर्निर्माणको बाटोमा लागे ।

सन् १९१८ मा दुस्मनको दलाली गर्ने कप्लानले लेनिनको ज्यान लिन खोज्यो ।गम्भीर घाइते भएका लेनिनको स्वास्थ्य कामको बोझले पनिबिग्रँदै गयो । सन् १९२२ मा लेनिनको प्रस्तावमा केन्द्रीय समितिको विस्तारित बैठकले स्टालिनलाई पार्टीको महासचिव चुन्यो । यस अवधिमा स्टालिनले जातीय सोभियत गणतन्त्रहरूको निर्माण गर्ने र सबै सोभियत गणतन्त्रहरू मिलाएर एउटै सङ्घ' सोभियत समाजवादी गणतन्त्र सङ्घ' निर्माण गर्ने ऐतिहासिक कार्य सम्पन्न गरे ।

प्रथम महायुद्ध र साम्राज्यवादीहरूको हस्तक्षेपले नष्ट भएको रूसमा औद्योगिकीकरण र सामूहिकीकरण गर्नु सजिलो थिएन । तर दूरदर्शीस्टालिनको नेतृत्वमा उक्त कार्य सहज सम्पन्न भयो । स्टालिन ग्राड ट्र्याक्टर कारखाना, निपा विद्युत्स्टेसन, मेग्निटो गार्स्क फलाम तथा स्पात कारखाना, युरल्स इन्जिनियरिङ कारखाना, रोस्तोव कृषियन्त्र कारखाना, तुर्किस्तान-साइबेरिया रेलमार्ग, साराटोव हार्बेस्टर कम्बाइन कारखाना, मस्को तथा गोर्की मोटर कारखानाजस्ता मुलुकका अनगन्ती उद्योगहरू उनकै पहलकदमीमा स्थापना भए ।स्टालिनको नीति र निर्देशनमा रूसको सशस्त्र शक्तिले पनि ज्यादै प्रगति गर्‍यो । तर त्यो शक्ति कसैको देशमाथि आक्रमण गर्न नभई आफ्नो सुरक्षाका निम्ति थियो । किनकि सोभियत रूसलाई चारैतिरबाट पुँजीवादी मुलुकहरूले घेरेका थिए र उनीहरूरूसलाई बेलाबेला दुःख दिइरहन्थे ।

बिसौं शताब्दीको चौथो दशकको अन्ततिर सोभियत रूसले कृषि र औद्योगिक क्षेत्रमा यति धेरै उन्नति गर्‍यो कि त्यो अमेरिका, ब्रिटेन, जापानसँग दाँजिनै छोड्यो ।त्यसपछि त सोभियत रूसले विश्व राजनीतिक रङ्गमञ्चमा एक महत्त्वपूर्ण स्थान ओगट्यो ।वास्तवमारूस विश्वका पुँजीवादी मुलुकहरूभन्दा विलकुल भिन्न थियो । ऊ प्रगति र उन्नतिका लागि कृषिमा सामूहिकीकरण रऔद्योगिकीकरण गर्दै आफ्नै जनशक्तिमा भर पर्थ्यो तर अन्य पुँजीवादी मुलुकहरूअरू देशका जनतालाई शोषण गर्ने कुरामा भर पर्थे ।

सन् १९३८ मा स्टालिनले 'सोभियत कम्युनिस्ट पार्टी (बोल्सेभिक) को इतिहास' तयार गरे । यो उनको सिद्धहस्त विद्वत्ताको उत्तम परिचय होर विश्व साहित्यकै महत्त्वपूर्ण अङ्गबनेको छ । सन् १९३९ मा अङ्ग्रेज र फ्रान्सेली कूटनीतिको परोक्षसहयोगबाट जर्मनीले चेकोस्लोभाकियामाथि कब्जा गर्‍यो र नाजीहरू अगाडि बढे । सुदूरपूर्वमा चाहिँ जापानी साम्राज्यवादले मङ्गोलिया जनगणतन्त्रको सिमानामा लगातार उत्तेजक धावा बोल्यो तर लालसेनाको हातबाट त्यसले असाधारण हार खानुपर्‍यो ।

(क्रमशः)

# मैले देखेको छयालीसौं विश्व सम्पदा :
# लण्डनको सेन्ट पाउल काथेड्रल

सुरेन्द्र ढकाल



काथेड्रलभित्र रहेको चिहान



काथेड्रलको अग्र भाग



काथेड्रलको घण्टाघर



केथेड्रलको गजुरको भित्री भागमा गरिएको पेन्टिङ



केथेड्रलको कलात्मक भित्री भाग



झन्डै भेटिकनको सेन्टपिटर चर्च जस्तै देखिने लण्डनको सेन्ट पाउल चर्च

हेम्पटन कोर्ट दरबार र त्यसको बगैंचा हेरिसक्दा दिन बाँकी नै भएको हुँदा क्याम्पिङ साइटतर्फ लाग्नुअघि हामीले लण्डनको सेन्ट पाउल क्याथेड्रल हेर्ने निधो गरी त्यता लाग्यौं ।

**सेन्ट पाउल क्याथेड्रल**

यो क्याथेड्रल लण्डनको विशपको कार्यालय भएको चर्च रहेछ । खास यो ठाउँमा सन् ६०४ मा नै अंग्रेजी चर्च रहेको र सन् १६६६ को लण्डनको आगलागीमा परी नष्ट भएपछि अहिले भएको सेन्ट पाउल नाम भएको चर्च १७ औं शताब्दिको अन्त्यतिर निर्माण भएको रहेछ । लण्डन शहरको उँचो भागमा रहेको र यो चर्चको उचाइ १११ मिटर भएको र सन् १७१० देखि १९६७ सम्म लण्डनको सबैभन्दा अग्लो भवनमा यो चर्च गनिँदो रहेछ । बारोक शैलीमा निर्माण भएको यो चर्चको डिजाइन सर क्रिस्टोफर रेनले गरेका रहेछन । विश्वको सबैभन्दा ठूलो गजुर (डोम) सहितको चर्चमा गनिने यो क्याथेड्रल संयुक्त अधिराज्य बेलायतमा भने लिभर पुलको क्याथेड्रलपछि दोस्रो ठूलो चर्चमा पर्दो रहेछ । यसै चर्चमा एडमिरल नेल्सन जो ड्यूक अफ वेलिङटन थिए उनको, सर विन्स्टन चर्चिल अनि आइरन लेडी भनेर चिनिने बेलायतकी प्रथम महिला प्रधानमन्त्री मार्गारेट थेचरको अन्त्येष्टी कार्यक्रम, महारानी भिक्टोरियाको शासनको ५० औं वर्षगाँठ समारोह, प्रथम र द्वितीय विश्वयुद्ध समाप्तिपछिको शान्ति सन्देश कार्यक्रम आदि भएका रहेछन् । हालकै महारानी एलिजावेथको शासनको २५ औं वर्षको कार्यक्रम अनि प्रिन्स अफ वेल्स र डायनाको विवाह पनि यसै चर्चमा भएको रहेछ । दोस्रो विश्वयुद्धकाल सन् १९४१ मा बमप्रहारबाट सामान्य क्षति पुगी जोगिएको यो क्याथेड्रलमा नियमित रुपमा दैनिक पूजाआजा र प्रार्थना सभा गरिँदो रहेछ । रोमको भेटिकनस्थित सेन्टपिटर क्याथेड्रलको वास्तुशैलीबाट प्रभावित यो चर्चको भित्री भागका दलिन अड्याउने विशाल स्तम्भहरु, संगीत कार्यक्रमको लागि बनाइएको उत्तरी र दक्षिणी मञ्च र त्यस अगाडिको तीनवटा लहर भएको विशाल हल हेर्दा तत्कालिन युरोपेली देशहरुमा चर्च र क्याथेड्रल बनाउने कुरामा ठूलै प्रतिष्पर्धा हुँदो रहेछ भन्ने स्पष्टै देखिदो रहेछ । खास दुई तलामात्र भएको यो क्याथेड्रल यति अग्लोसम्म हुन सक्दो रहेछ भन्ने उदाहरण परको थेम्स नदीको किनारबाट हेर्दा अनुमान लगाउन गाहारो हुँदो रहेछ ।१७५ मिटर लम्वाइ र ३७ मिटर चौडाइ भएको यस क्याथेड्रलको हलमा बस्नेहरु पादरी पुरोहित, क्याथेड्रलका कर्मचारी गायक र संगीतकारको लागि भनी लहरहरु छुट्ट्याएको हुँदोरहेछ । चर्चका भित्री भाग ग्रिनिङ गिब्सनका काष्ठ र प्रस्तरकलाका मूर्तिहरुबाट, थोर्नहिलको पेन्टिङबाट अनि जिन टिजोउको धातुकलाबाट सजिएको रहेछ ।

त्यसै गरी विलियम रिचमण्डको मोज्याक कलाको पनि राम्रो प्रस्तुति यस क्याथेड्रलमा देख्न पाइने रहेछ । यस क्याथेड्रलभित्र ड्यूक अफ वेलिङटन, फ्लोरेन्स नाइटिंगल लगायत २०० वटा स्मारक र चिहानहरु रहेको पाइयो । क्याथेड्रलको दक्षिण पश्चिमपट्टिको घण्टाघर सन् १७०९ मा नै बनेको रहेछ र त्यहाँ रहेको घडी काम नलाग्ने भएपछि सन् १८९३ मा अर्को घडि राखिएको रहेछ ।

## सुरुङमार्ग निर्माणमा प्रदेश सरकारको दाबी

काठमाडौं । हेटौंडा-काठमाडौं सुरुङमार्ग निर्माणमा निजी क्षेत्रले वर्षौं हुँदा चासो नदेखाएपछि प्रदेश सरकारले बनाउन चाहेको बताएको छ ।

यस आयोजनालाई प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेशको गौरवको आयोजनाका रुपमा अघि बढाउने बताएका छन् । तर यो सम्भव देखिँदैन । सुरुङमार्ग निर्माणका लागि निजी क्षेत्रको नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेड (एनपीबीसीएल) ले अनुमति पाएको छ । शुरुको सम्झौताअनुसार उक्त सुरुङमार्गमा जनवरी २०१७ देखि नै सवारी साधन सञ्चालन भइसक्नुपर्थ्यो । कम्पनीले सर्वसाधारणसँग उठाएको संस्थापक सेयरवापतको ३१ करोड ७६ लाखको ठूलो हिस्सा प्रशासनिक खर्चमै सक्न लागेको छ । अब कम्पनी सुरुङमार्ग निर्माणका लागि आर्थिक स्रोत जुटाउन सक्ने अवस्था छैन ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
happy to help
sales - service - support
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमा लड्नुपर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नुपर्दछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# काम सानो वा ठूलो हुँदैन, नेपालमै सम्भव छ

**रोहित भण्डारी**

धेरै युवाहरूले भन्ने गरेको कुरा के हो भने नेपालमा केहीको सम्भावना छैन, रोजगारीको बाटा छैनन्, नेपालमा बसेर केही गर्न सकिदैन जस्ता थुप्रै कुराहरू सुन्ने गरिन्छ र हामी पनि यस्तै भन्ने गर्छौं । कतिपय युवा समृद्ध भनिएका देश अष्ट्रेलिया, अमेरिका या क्यानडा लगायतका देश जान पाएदेखि आफूलाई अहोभाग्य ठान्छन् । नेपालमा केही गर्न सकिदैन भन्ने लगायतका आवाज आइरहँदा के साँच्चै नेपालमा केही छैन त, के नेपाल बिग्रिएकै हो त जस्ता प्रश्न उठेको छ ? मैले आफ्ना दुई पुस्तकमार्फत नेपालमा पनि केही गर्न सकिन्छ, नेपालमा पनि सम्भावना छ, नेपालमा कुन क्षेत्रमा कस्तो कस्तो खालको सम्भावना छ भन्ने विषयमा जानकारी दिने प्रयास गरेको छु। विशेषतः नेपालमा कमजोर आर्थिक पृष्ठभूमिबाट माथि उठेका, जसले आफूले मेहनत र परिश्रम गरेर नेपालमा राम्रो स्थान बनाएका छन्, उनीहको सफलता र संघर्षका कथा जसलाई मैले 'सम्भव छ' नामक आफ्नो पुस्तकमा उल्लेख गरेको छु भने 'नेपालमै सकिन्छ' नामक अर्को पुस्तक जहाँ कामको सम्मान गर्ने युवा नेपालीको कथा प्रस्तुत गरेको छु । समृद्ध मुलुकमा गएर फर्कका युवाहरूले नेपालमै बसेर पनि राम्रो आम्दानी गरेका कथा प्रस्तुत गरेको छु ।

दुवै पुस्तकमा संलग्न गरिएका जति पनि कथा छन्, ती कथाका प्रत्येक पात्रसँग मैले भेटेको छु । जस्तै 'सम्भव छ' पुस्तकमा मा पर्साका श्यामवदन यादवको कथा छ । उनी मध्यम वर्गका व्यक्ति हुन् । उनले गरेको संघर्ष, सफलताको बारेमा उल्लेख छ । यस्तै २३ जना व्यक्तिका बारेमा लेखेको छु ।

नेपालमा धेरै सम्भावना रहेको छ । म एउटा उदाहरण दिन्छु । काठमाडौंकै जोरपाटीमा बस्ने एक जना युवाले एउटा सानो कोठा भाडामा लिएर आफैले चिया पकाएर थर्मशमा राखेर चाबहिल लगायतका तरकारी बजारमा दैनिक रूपमा चिया बेच्छन् । उनले भने अनुसार उनले दिनमा ३०० कप चिया बेच्छन् । एक कपको १५ रूपैयाको दरले पनि दिनको ४५०० रूपैया हुन आउँछ । महिना दिनमा हुने उनको खर्च कटाएर पनि ६० हजार भन्दा बढी नाफा हुन्छ । एउटा युवाले एक महिनामा ६० हजार कमाउँछ । हामी कति युवा छौँ जो २०/३० हजारको लागि खाडि मुलुक जान्छौँ । यो एउटा सानो उदाहरण मात्र हो । यस्तै नेपालमा गर्न सक्ने व्यवसाय हेर्ने हो भने यहाँ थुप्रै व्यवसायहरू छन् । 'नेपालमै सकिन्छ' भन्ने पुस्तकको लगभग ८० पृष्ठजति यस्तै नेपालमा सम्भावना भएका कामहरूको बारेमा मात्र उल्लेख गरेको छु ।

नेपालमा पनि धेरै सम्भावना रहेको छ तर हाम्रो देशका युवाहरू त्यसतर्फ आकर्षित हुन सकिरहेको छैन । यसमा मुख्य दोष त हामी युवाकै छ । किनभने हाम्रो समाज नै त्यस्तै भइदियो । यदि घरमा कोही विदेशमा गएर काम गरिरहेको छ भने परिवारका सदस्यले गर्वका साथ भन्छ कि मेरो परिवारको मान्छे विदेश गएको छ । यस अर्थमा पनि विदेश गएन भने त सामाजिक प्रतिष्ठा नै जाने हो कि भन्ने डर हामी युवामा पलाएको छ । युवाहरूले के सोच्नु पर्दछ भने हामीले विदेशमा गएर पैसा त कमाउन सक्छौं तर खुशी कमाउन सक्दैनौ, त्यसका लागि आफ्नै घर चाहिन्छ। विदेशमा कमाएको पैसामा खुशी भेट्न सकिन्न । म के आग्रह गर्न चाहन्छु भने विदेशमा पैसा मात्र छ तर नेपालमा पैसा पनि छ खुशी पनि छ । युवाहरूमा काम प्रति आर्कषित नहुनुमा पनि कारण छ । हुन त नपढी केही काम गर्न सकिदैन । आफूले गर्न चाहेको कामको बारेमा जानकारी त अवश्य नै चाहिन्छ । तर हामी पढेर ज्ञानी हुनुपर्ने ठाउँमा घमण्डी भइदिन्छौ । पढाईले ज्ञान, सीप, संस्कार भन्दा पनि घमण्ड बढाइदियो। त्यसकारण मान्छेहरू जति धेरै पढ्यो उती धेरै बेरोजगार छन् । यसको अर्थ पढिसकेपछि कामको सम्मान गर्नुपर्छ भन्ने भावना नै हामीमा जागृत हुन सकेन । अर्को कुरा त हाम्रो समाजको सोच बदल्न नसक्नु पनि अर्को कारण हो । नेपाली युवाहरूको समस्या भनेको बेरोजगारीको समस्या होइन सोचको समस्या हो । विदेशमा काम गर्दा हिनताबोध हुँदैन तर नेपालमा त्यही काम गर्दा हिनताबोध हुन्छ । जबसम्म हामी हाम्रो सोच बदल्न सक्दैनौँ तबसम्म हाम्रो समस्या भनेको नै बेरोजगारी रहिरहन्छ ।

हामीले निकै मिहिनेत गरेर पैसा कमाएर नेपाल पठाउँछौँ । तर त्यो पैसा खाद्य पदार्थदेखि विलासिताका सामान किन्न खर्च भइरहेको छ । खाद्य पदार्थको लागि विदेशमा कमाएर नेपाल पठाउनुभन्दा नेपालमा नै उत्पादन गर्न सके पैसा विदेश त जान पाउदैन नि । हुन त रेमिट्यान्सले देश धानिएको छ भनिन्छ तर रेमिट्यान्सकै कारण देशको ठूलै विकास भएको छ भन्ने कुरा मैले कतै सुनेको पनि छैन र पढेको पनि छैन । साँच्चै हामी गम्भीर बन्न आवश्यक छ । मैले पहिले नै भनिसके हाम्रो सोच बदल्ने हो भने नेपालमै सकिन्छ र सम्भव छ ।

विदेश जानै नहुने भन्ने होइन । तर विदेशमा गर्ने काम नेपालमा पनि गर्नका लागि कुनै किसिमको हिनताबोध पालेर नबस्नु हुन्न । जागिर नै खानुपर्छ भन्ने होइन । हामीले साना साना काम गरेर पनि लाखौं आम्दानी गर्न सक्छौं । हामीले आफ्नो मनमा रहेको हिनताबोधको अन्त्य गरेर काम गर्ने हो भने जसरी विदेशी नागरिक नेपाल घुम्न आउँछन् त्यसरी नै नेपाली युवाहरू पनि विदेश घुम्न जानसक्ने हैसियतमा पुग्दछन् । काम सानो ठूलो हुँदैन । हामी जति सानो बन्न खोज्छौं त्यति ठूलो बन्छौं र हामी जती ठूलो बन्न खोज्छौं त्यहि सानो बन्छौं । अर्थात हामीले साना भनिएका काम गर्न थाल्यौं भने हामी ठूलो बन्छौं र सानो कामलाई हेला गरेर एकै पटक ठूलो काम गर्न लाग्यौं भने सानो बन्दै जान्छौं । 'सम्भव छ' र 'नेपालमै सकिन्छ' पुस्तकमा धेरै सन्दर्भहरू छन् । यो पुस्तक काठमाडौ लगायत पोखरा, बुटवल विराटनगर लगायतका स्थानमा उपलब्ध भएको हुनाले समय मिलाएर यो पुस्तक पढ्न म आग्रह गर्दछु । यी पुस्तकहरू पढिसकेपछि म केही गर्न सक्दिन भन्ने भावना परिवर्तन हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।


हाम्रो प्रतिबद्धता
पेट्रोलियम पदार्थमा शुद्धता
भरपर्दो, विश्वासिलो सेवाका लागि हामीलाई सम्झनुहोस्
भोलाबाबा पेट्रोल सेन्टर
मिर्चैया सिरहा





कथा

# सायोनारा

**आलोक**

तोरी फुलेको मौसममा दाङ उपत्यका मनमोहन देखिन्छ। घोराहीदेखि तुलसीपुर र वरपरका गाउँहरु घुम्दा जताततै देखिने पहेंलपुर फाँट हेरेर नरमाइने कोही हुँदैनन् । काठमाडौंबाट छुटेको बस घोराही पुग्नै लागेको थियो । यात्रीहरु कोही निदाइरहेका थिए भने कोही गीत गुन्गुनाइरहेका थिए ।

'तपाईंलाई दिक्क लाग्यो होला है' मैले मेरो छेउमा बसेकी विदेशी केटीलाई सोधेँ ।

'रमाइलो लागिरहेको छ । रमाइलो रहेछ दाङ उपत्यका । मलाई राम्रो लाग्यो ।' उनले भनिन् ।

'नेपाल र जापानका धेरै कुरा मिल्दाजुल्दा रहेछन् । परम्परावादी छन् जापानीहरु । नेपालीहरु जस्तै सूर्यको आराधना गर्छन् । प्रकृतिको पूजा गर्छन् र अभिभावक तथा आफूभन्दा ठूला मानिसलाई साह्रै सम्मान गर्छन् ।' उनको कथनमा कुनै आडम्बर थिएन ।

'हामी आजै तुलसीपुर पुग्न सक्छौं ?' उनले सोधिन् ।

'किन नसक्नु, मज्जाले पुग्न सकिन्छ। घोराहीबाट पच्चीस तीस किलोमिटर मात्र टाढा हो ।' मैले जवाफ दिएँ ।

साँझमा एकजना मित्रको घरमा बास बसियो । शाकाहारी खाना खुवाएर सत्कार गरे उनीहरुले । मेरा मित्र प्रदीपका पिता जीवनलाल शर्माले सन् १९७५ तिर जापान घुमेको प्रसंग सुनाउनुभयो ।

'दोस्रो विश्वयुद्धले ध्वस्त बनेको जापान यति धेरै समृद्ध होला भन्ने कसैले सोचेका थिएनन् । तर लगन, अनुशासन, इमानदारी, देशप्रेम र स्वाभिमानले जुरुक्क उठायो जापानलाई ।' जीवनलालले भन्नुभयो ।

'ए, नाम त सोध्नै बिर्सेछु । के नाम हो नानीको ?' उहाँले सोध्नुभयो ।

'आशाको' जापानी युवतीले जवाफ दिइन् ।

'त्यसको अर्थ के हो ?'- जीवनलालले प्रतिप्रश्न गर्नुभयो ।

'आमाले भन्नुभएको, म बिहानै जन्मेकी रे । बिहान जन्मिएकी बालिका भन्ने अर्थ लाग्छ मेरो नामको ।' उनले मुस्काएर भनिन् ।

भोलिपल्ट बिहान जीवनलालले आफ्नै गाडीमा दाङका केही गाउँहरु घुमाउनुभयो । हामीले गाउँका केही विद्यालयहरु अवलोकन गर्‍यौं ।

काठमाडौंस्थित एउटा जापानी संस्थामा काम गर्न आएकी आशाको नोजु अलिअलि नेपाली बोल्छिन् र बुझ्छिन पनि । त्योभन्दा पनि रोचक कुरा उनी नेपाली गीतहरु राम्रोसँग गाउन सक्छिन् ।

दाङमा आयोजित एउटा कार्यक्रममा उनले मादलको तालमा गीत गाइन्-

'चोली राम्रो पाल्पाली ढाकाको
हेराइ राम्रो नेपाली आँखाको
झिल्के मयुर
ख्याल माया लाग्दैन है तिम्रो हजुर...।'

कार्यक्रममा उपस्थित सबैजना रमाए । एकजना स्थानीय महिलाले सोधिन्- 'कसले सिकायो नेपाली गीत ?'

आशाको नोजुले भनिन्- 'मेरो साथी आलोकले ।' उनले मतिर देखाउँदै भनिन् ।

दाङको शैक्षिक संस्थाहरुको अवस्थाबारे अध्ययन गरेपछि हामी सुर्खेततिर लाग्यौं । नेपालगञ्जबाट चिसापानी हुँदै सुर्खेतसम्मको यात्रामा रमाइन् आशाको ।

'प्रकृतिले सबैथोक दिएको छ नेपाललाई । हिमाल, पहाड, तराई, प्राकृतिक विविधता, नदीनाला, ताल, झरना, उर्वर खेतहरु, अमूल्य जडीबुटी सबै छन् । कुशल व्यवस्थापक नभएको विशाल कारखाना आफैं लथालिंग भएझैं बिग्रँदै गएको रहेछ नेपाल ।' उनले धेरै नेपालीले गरेका गुनासाहरुको 'मजबुन' सुनाइन् ।

देश संरक्षण, सम्बर्द्धन र सम्पोषण गर्न संस्कार चाहिन्छ, विवेक चाहिन्छ, राष्ट्रप्रेम चाहिन्छ, अनुशासन चाहिन्छ । नेपालीहरुमा त्यस्ता गुणहरु हराउन थालेको छ ।' मैले भनेँ ।

'सही कुरा भन्नुभयो, फ्रान्स, बेलायत, जापान, नर्वे, स्वीडेन, बेल्जियम आदि देश अनुशासन, लगन र संस्कारले बनेका हुन् । ससाना स्वार्थमा अलमलिएको भए ती देशले दुःख पाउने थिए ।' आशाको बोलिन् ।

अपराह्नतिर वीरेन्द्रनगर पुगेर बस रोकियो । चन्द्रबहादुर थकालीले चलाएको अन्नपूर्ण होटलमा गएर बास बस्यौं हामी ।

'साह्रै थकाइ लाग्यो । कफी पाइएला ?' साहूले भने– हजुरहरुको कोठैमा पठाइदिन्छु ।'

केही क्षण आराम गरेर हामी साँझपख बजार घुम्न निस्कियौं । ठूलो उपत्यकाबीचमा बसेको वीरेन्द्रनगरमा पहिलेजस्तो चहलपहल देखिएन ।

'दश वर्षसम्म चलेको द्वन्द्वमा सुर्खेत निकै घाइते भयो । यहाँका धनीमानी र व्यापारीहरु काठमाडौं र नेपालगञ्जतिर लागे ।' स्थानीय शिक्षक माधव शाहीले भने ।

'तपाईंको घर कहाँ ?' मैले सोधें ।

उत्तरतिरका पहाडहरु देखाउँदै उनले भने- 'ऊ त्यो पहाड नाघेर जानुपर्छ । दैलेखमा पर्छ ।' शाहीले भने ।

'त्यहाँबाट जुम्ला जान कति दिन हिँड्नुपर्छ ।' आशाकोले सोधिन् ।

'अचेल हिउँदमा गाडी चल्छ । सुर्खेतबाट दैलेख हुँदै जुम्लाको सदरमुकाम खलंगासम्म ट्र्याक्टरहरु चल्छन् । तर बाटो साँघुरो भएकाले धेरै दुर्घटना भइरहन्छ ।' शाहीले बताए ।

'त्यो बाटोलाई लोकमार्ग भन्छन् होइन र ?' मैले सोधें ।

शाहीले हाँसेर भने– 'लोकमार्ग होइन, परलोकमार्ग जस्तो छ । धेरेजना मरिसके भीरबाट खसेर ।'

होटलमा फर्किएर केहीबेर गफ गरियो साहूजीसँग ।

मुस्ताङबाट सुर्खेत भएर बसोबास गरेका चन्द्रबहादुरले सुर्खेतको पीडा सुनाए– 'सन् १९८० को दशकमा यो सहर नवदुलहीझैँ सिँगारिन्थ्यो । काठमाडौंबाट आएका राजारानी महिना दिनसम्म बस्थे । फोहोरमैला कतै देखिन्नथ्यो । प्रहरी प्रशासन चुस्त थियो । राजा वीरेन्द्र मारिएपछि यो ठाउँ पनि मृतसहर जस्तो भयो ।'

आशाको नोजुले पुराना कुराहरु कोट्याउँदै सोधी– 'परिवर्तनसँग धेरै मान्छेहरु सन्तुष्ट छैनन् कि कसो ?'

चन्द्रबहादुर बोले– 'म्याडम, मान्छेले शान्ति, सुरक्षा, सुशासन खोजेको थियो । अहिले त जनताको माझबाट उठेको नेता नै दर्जनौं अंगरक्षकबेगर हिँड्न सक्दैन ।'

आशाको हाँसिन् ।

भोलिपल्ट बिहान पाँच बजेतिर उठेर नुहाएपछि मैले आशाकोलाई सोधेँ– 'राम्ररी निद्रा लाग्यो कि लागेन ?'

'सुत्न दिए पो सुत्नु ! कति चकचक गर्न सक्या होला ।' नेपाली परामा उनले लजाउँदै उत्तर दिइन् ।

भोलिपल्ट बिहान एसियन एयरको हेलिकप्टरबाट हामी जुम्ला पुग्यौं । त्यहाँ चार दिनसम्म व्यस्त रहनुपर्ने भए पनि आशाको जुम्ला घुम्न पाइने भो भनेर खुसी थिइन् । पाँचौं दिन हामी पुनः सुर्खेत झर्‍यौं ।

'यात्रामा पाइने विविध भाषा, संस्कृति र जीवनशैली दुर्लभ र मूल्यवान् पुस्तकभन्दा पनि महत्वपूर्ण हुन्छन्, होइन त ?' हेलिकप्टरको झ्यालबाट दैलेखका गाउँहरु हेर्दै आशाको नोजुले भनिन् ।

'हो, हामी कामसँगै अध्ययन भ्रमण गरिरहेका छौं । एककाइसौं शताब्दीको अत्यन्त समृद्ध देश जापान र सय वर्ष पछाडिको अवस्थामै देखिने नेपालबीचको भौतिक प्रगति तुलना गर्दा दुःख लाग्छ ।' मैले उत्तर दिएँ ।

समय कति चाँडो चिप्लिन्छ, थाहै हुँदैन । सेप्टेम्बरको पहिलो हप्ता हामी काठमाडौं फर्किएका थियौं । आशाको जापान फर्किने दिन नजिकिँदै थियो । धेरै नजिक बनेर टाढिनु पर्दा हरेक मानिस दुःखी बन्छ, व्याकुल बन्छ र छटपटाउँछ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेर पनि झन्डै एक घण्टा कुरा गर्‍यौं हामीले । आशाको रोइरहेकी थिइन् । मैले सम्झाउँदै भनें– 'छुट्टिने बेलामा यसरी रुनु हुन्न । फेरि पनि भेट भइहाल्छ नि ।' यति भन्दाभन्दै मेरा आँखाहरु रसाए ।

विमानतिर जान लाज्दा अलिकति पर पुगेर उनले हात हल्लाउँदै भनिन्– 'सायोनारा ।'

# जेरूसेलममा हिंसा, सिंगापुरमा वार्ता



विष्णु भट्टराई

## जेरूसेलममा हिंसा



इजरायल र प्यालेस्टाइनको सिमाना गाजा क्षेत्रमा भएको झडपमा परी कम्तीमा ५९ जनाको मृत्यु भएको छ। प्यालेस्टिनी अधिकारीहरूका अनुसार इजरायली सेनाले प्रदर्शनमा हस्तक्षेप गर्दा २७ सयभन्दा धेरै घाइते भएका छन्।

अमेरिकाले इजरायलस्थित दूतावासलाई तेल अभिभबाट जेरुसेलममा सारेको छ। दूतावास खोल्ने कदमलाई अमेरिकाले जेरुसेलम सहरको सम्पूर्ण भूभागमा इजरायली शासनलाई मात्रै मान्यता दिएको रूपमा बुझिएको छ। यस सहरको पूर्वी क्षेत्रमा प्यालेस्टाइनको दाबी रहँदै आएको छ।

दूतावास सार्ने निर्णयको चौतर्फी विरोध भएको छ। प्यालेस्टाइन र इजरायलको सीमा क्षेत्रस्थित १२ स्थानमा छुट्टाछुट्टै प्रदर्शन भएका छन्। 'द ग्रेट रिटर्न मार्च' नाम दिइएको प्रदर्शनमा ३५ सयभन्दा बढी प्यालेस्टिनी सहभागी भए।

प्यालेस्टिनीहरूले सीमा क्षेत्रमा ढुंगा र विस्फोटक पदार्थ प्रहार गरेका छन् भने प्रत्युत्तरमा इजरायली सेनाले पनि अश्रुग्यास, गोली र जलिरहेको टायर फ्याँकेका छन्। हमासबाट सञ्चालित प्यालेस्टाइनको स्वास्थ्य मन्त्रालयले यस घटनामा बालबालिकासमेत मारिएको जनाएको छ। इजरायलले प्रदर्शन सीमा सुरक्षाको नियम उल्लंघन गर्दै भएको र इजरायली समुदायमाथि आक्रमण भएको जनाएको छ।

प्यालेस्टिनीहरूले हप्तौंदेखि यस क्षेत्रमा प्रदर्शन गरिरहेका छन्। १४ मे १९४८ मा इजरायल स्थापना भएपछि हजारौं प्यालेस्टिनी घर छाड्न बाध्य बनेका थिए। उक्त दिनलाई कालो दिन भन्दै प्यालेस्टिनीहरूले प्रदर्शन गरेका हुन्। यता, इजरायलले यस दिनलाई भव्य रूपमा मनाएको संकेत दिन सोमबार अमेरिकी दूतावास जेरुसेलममा सारियो।

प्यालेस्टाइनका अनुसार पुर्ख्यौली थलोमा फर्कन पाउनुपर्ने माग राखेर जनता आन्दोलित भएका हुन्। उक्त भूभाग अहिले इजरायल बनिसकेको छ। 'आज ठूलो दिन हो। जब हामीले सीमा क्षेत्र नाघेर इजरायल तथा पूरा विश्वलाई देखायौं कि हामी कसैबाट सधैंका लागि प्रयोग हुनेछैनौं,' गाजास्थित एक विद्यालयका शिक्षक अलीलाई उद्धृत गर्दै रोयटर्सले लेखेको छ।

जेरुसेलममा रहेका बिबिसीका मध्यपूर्व एडिटर जेरिमी बोवेनका अनुसार यो साता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको राजनीतिक करिअरमा सबैभन्दा खुशीको समय हो। पहिलो, यसै साता अमेरिकी राष्ट्रपति ट्रम्पले इजरायलको शत्रु इरानसँगको आणविक सम्झौता तोडे। दोस्रो, इजरायलका लागि अमेरिकी दूतावास जेरुसेलममा सरेको छ। स्थानीयले ट्रम्पको प्रशंसा गर्दै प्लेकार्डहरू बोकेका छन्।

स्थानीय फुटबल क्लब बेइटरले 'डेथ टु अरब्स' नारा लगाएको छ। अमेरिका र इजरायलको गठबन्धनमा रहेका अन्य राष्ट्रले भने दूतावास सार्ने निर्णयलाई स्विकारेका छैनन्। 'दूतावास सार्ने निर्णय नेतान्याहुका लागि राम्रो हुन सक्छ, ट्रम्पका लागि राम्रो हुन सक्छ र धेरै इजरायलीलाई यसले खुसी पारेको हुनुपर्छ। तर, नेतान्याहुले दाबी गरेजस्तो यसले शान्ति व्यवस्थामा सुधार ल्याउँछ भन्ने कुनै प्रमाण भेटिएको छैन,' बिबिसीका जेरिमीले भनेका छन्।

जेरुसेलम सहर इजरायल र प्यालेस्टाइन द्वन्द्वको प्रमुख स्थान हो। जेरुसेलममा इजरायलको सार्वभौमिकतालाई अन्तर्राष्ट्रिय समुदायले स्वीकार गरिसकेको छैन। सन् १९९३ मा भएको इजरायल-प्यालेस्टाइन सम्झौताअनुसार यस सहरका विषयमा आगामी दिनमा शान्तिपूर्ण वार्तामार्फत समाधान निकालिने उल्लेख छ।

इजरायलले सन् १९७६ मा भएको मध्यपूर्वको युद्धपछि पूर्वजेरुसेलममा कब्जा जमाउँदै आएको छ। त्यसयता, उसले लगातार सीमा बढाउँदै लगेको छ। यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१७ डिसेम्बरमा मान्यता दिनुबाहेक अन्य कुनै पनि देशले अहिलेसम्म उसको कदमलाई स्विकारेका छैनन्।

## ट्रम्प-किम शिखर वार्ता सिंगापुरमा

केही साता लामो अड्कलबाजीपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीचको शिखर वार्ता सिंगापुरमा हुने भएको छ। वार्तास्थल सिंगापुर चयनसँगै राष्ट्रपति ट्रम्पले उत्तर कोरियाको सबैभन्दा निकट र साझेदार राष्ट्र बेइजिङ आवश्यक छैन भन्ने सन्देश दिन खोजेका छन्।



यसका बाबजुद विभिन्न प्रश्न तेर्सिएका छन्। सुन्दर बगैंचा र ठूला-ठूला विमानस्थलले भरिपूर्ण सिंगापुर नै वार्तास्थलका लागि किन रोजाइमा पऱ्यो ?

उत्तर कोरियासँग व्यापार गर्ने राष्ट्रहरू सीमित छन्। प्योङयाङले व्यापार गर्ने सीमित मुलुकहरूमध्ये सिंगापुर महत्वपूर्ण मुलुक हो। तथापि, सन् २०१६ मा यी दुई मुलुकबीचको व्यापार आदान-प्रदान दर सामान्य थियो। गत वर्षको अन्त्यसम्म सिंगापुरले उत्तर कोरियासँग व्यापार आदान-प्रदान गरेको थियो। दुई देशबीच विनाभिसा पनि यात्रा सम्भव छ। त्यस्तै, उत्तर कोरियाली दूतावास भएका सीमित राष्ट्रहरूमध्ये सिंगापुर पनि महत्वपूर्ण देश हो। र, राष्ट्रसंघको प्रतिबन्धका बाबजुद सिंगापुरका कम्तीमा दुई कम्पनीले उत्तर कोरियासँग व्यापार गरिरहेका छन्।

कार्गो बोकेका जहाज विनाकुनै रोकावट प्योङयाङ र सिंगापुरमा आवातजावत गर्छन्। सिंगापुरका अधिकारीहरूको निगरानी नहुँदा दुई देशबीच निर्बाध कार्गो आदान-प्रदान हुने सन् २०१६ मा वासिङ्टन पोस्टको एक रिपोर्टमा उल्लेख छ। दुई देशबीचको घनिष्टता यत्तिकैमा सीमित छैन।

गुप्तचरी स्रोतका अनुसार किमले सिंगापुरमा निकै सुरक्षित महसुस गर्छन्। कोरियाली नेताले विदेशमा सबैभन्दा सुरक्षित महसुस गर्ने एक मात्र स्थल नै सिंगापुर हो। कोरियाली नेताहरूको सिंगापुरमा बैंक अकाउन्ट छ। उनीहरू बारम्बार स्वास्थ्य परीक्षण गर्ने बहानामा सिंगापुर जान्छन्। 'उत्तर कोरिया र सिंगापुरबीच आर्थिक र कूटनीतिक सम्बन्ध छ,' जोन हप्किन्स युनिभर्सिटीका मिसेल म्याडन भन्छन्।

वार्तास्थलका लागि सिंगापुरलाई किमले स्वीकार गर्नुमा अन्य गैरआर्थिक कारणहरू पनि छन्। दी डिप्लोम्याट्सका अकित पान्डाका अनुसार सिंगापुर तटस्थ मुलुक हो र अपराधसम्बन्धी अन्तर्राष्ट्रिय अदालतले रोम घोषणापत्रमा उसले हस्ताक्षर गरेको छैन। तसर्थ, सिंगापुरमा रहँदा उत्तर कोरियाली नेतालाई सैद्धान्तिक रूपमा मानवअधिकार दुरुपयोग उल्लंघनका विषयमा तानिने वा पक्राउ पर्ने खतरा छैन। त्यस्तै, सिंगापुरमा किम वा ट्रम्पविरुद्ध प्रदर्शनको दृश्य देखिने सम्भावना पनि छैन। किनकि, एक पार्टी प्रणालीमा सञ्चालित सिंगापुरमा प्रहरी अनुमतिविना सार्वजनिक भेला गर्न प्रतिबन्ध छ। सिंगापुरले सन् २०१५ मा चीन र ताइवानका हाई प्रोफाइल नेताहरूबीचको विवादास्पद बैठक आयोजना गरेको थियो।

वर्तमान राजनीतिक परिदृश्यमा भूराजनीतिक खेलाडी हुन सजिलो छैन। यसको अर्थ उत्तेजक अमेरिकी नेतासँग कुशलतापूर्व व्यवहार गर्दै चीनको उदयलाई मार्गनिर्देशन गर्नु हो। तर, केही खराब पथका बाबजुद सिंगापुरले अमेरिका र उत्तर कोरिया दुवैका लागि राम्रो काम गरेको छ। 'ट्रम्पको युगको भूराजनीति उच्च रूपमा जटिल छ,' स्वतन्त्र सम्पत्ति प्रबन्धक धीरज भारवानी भन्छन् 'सिंगापुरले विगतदेखि नै विश्वका प्रमुख खेलाडी राष्ट्रहरू अमेरिका, चीन र उत्तर कोरियाबीच एउटा पुलको काम गर्दै आएको छ। सिंगापुर व्यापार व्यवसाय गर्नेका लागि सुरक्षित क्षेत्र पनि हो। यसअघिका क्लिन्टन र ओबामा प्रशासनले सिंगापुरलाई प्योङयाङसँगको सम्बन्ध रोक्न दबाब दिए पनि अहिले सिंगापुर अमेरिका-उत्तर कोरियाबीचको संवादको पुल बनेको छ।

सिंगापुर अन्तर्राष्ट्रिय व्यापारका लागि महत्वपूर्ण क्षेत्र बनेको छ। तसर्थ, प्योङयाङ र वासिङ्टनबीचको शीर्ष बैठक केवल राजनीतिक भेट मात्र हुनेछैन। सिंगापुरले दुई देशबीच व्यापारका लागि पनि महत्वपूर्ण मध्यस्थता गर्ने निश्चित छ।

यसैबीच उत्तर कोरियाले आणविक हतियार परीक्षणस्थल नष्ट गर्न 'प्राविधिक उपायलाई अघि बढाउन लागेको' कोरियाली केन्द्रीय सामाचार संस्था केसिएनएले जनाएको छ। आगामी जुन १२ मा सिंगापुरमा हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीच हुने शिखर सम्मेलनलाई मार्ग प्रशस्त गर्न उत्तर कोरियाले पछिल्लो कदम चालेको हो।

केसिएनएले उत्तर कोरियाको विदेश मन्त्रालयको प्रेस विज्ञप्तिलाई उद्धृत गर्दै भनेको छ, 'यदि मौसम अनुकूल रहेमा हतियार परीक्षणस्थललाई यही मे २३ र २५ गते नष्ट गर्ने कार्यक्रम तय भएको छ।'

चीन, रसिया, अमेरिका, बेलायत र दक्षिण कोरियाका सञ्चारकर्मीलाई आणविक हतियार परीक्षणस्थल नष्ट गरेका समाचार रिपोर्टिङका लागि अनुमति दिइने पनि सो समाचार संस्थाले जनाएको छ।

यसैगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग आगामी जुन १२ मा सिंगापुरमा ऐतिहासिक शिखर बैठक हुनुअघि उत्तर कोरियाले आफ्नो परमाणु परीक्षण स्थललाई नष्ट गर्ने भएको छ । उत्तर कोरियाले आमन्त्रित विदेशी मिडियाका पत्रकारहरूको अघि आणविक परीक्षणका लागि बनाइएका सुरुङहरू नष्ट गर्ने जनाएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले एक समारोहमा पुङ्ग्यो-री परीक्षणस्थल नष्ट गर्ने उत्तर कोरियाली निर्णयको स्वागत गरेका छन् । उनले भनेका छन्, 'तपाईंलाई धन्यवाद छ, तपाईंले धेरै राम्रो संकेत दिनुभयो ।'

दक्षिण कोरिया र उत्तर कोरियाली नेताबीच गत अप्रिल २७ मा सीमावर्ती गाउँ पानुमजोममा ऐतिहासिक शिखर बैठक भएलगत्तै अब जुन १२ मा अमेरिकी राष्ट्रपति ट्रम्पसँग शिखर बैठक हुने तय भएको छ। गत वर्षसम्म एक अर्काको चर्को आलोचना गर्दै युद्धको धम्की दिने दुई राष्ट्रबीच आश्चर्यजनक रूपमा सम्बन्धमा सुधार आएको छ।

जानकारहरूले उत्तर कोरियाले अहिलेसम्म पनि आफ्ना हतियार नष्ट गर्ने बारेमा सार्वजनिक रूपमा कुनै टिप्पणी नगरेको बताएका छन्। उत्तर कोरियासँग अमेरिकासम्म मार हान्न सक्ने मिसाइलसमेत रहेका छन् । अमेरिकाले उत्तर कोरिया पूर्ण रूपमा परमाणु हतियारमुक्त हुनुपर्ने बताउँदै आएको छ।

पुङ्ग्यो-री उत्तर कोरियाको उत्तरपूर्वी भागमा रहेको छ । जुन स्थानबाट उनले हालसम्म ६ वटा परमाणु बमको सफल परीक्षण गरिसकेको छ । यसमध्ये सबैभन्दा शक्तिशाली गत वर्ष सेप्टेम्बरमा गरेको थियो । उत्तर कोरियाले सो समयमा आफूले हाइड्रोजन बमको सफल परीक्षण गरेको बताएको थियो ।

उत्तर कोरियाली नेता किम जोङ-उनले यसअघि नै उत्तर कोरियाको परमाणु कार्यक्रम पूरा भइसकेको र अब यो स्थानको आवश्यकता नपर्ने बताइसकेका छन् । उत्तर कोरियाली समाचार एजेन्सी केसीएनएका अनुसार उत्तर कोरियाली विदेश मन्त्रालयका एक अधिकारीले परीक्षण स्थल नष्ट गर्ने र प्रवेशद्वार बन्द गर्ने बताएका छन् । यो घटनाक्रमको चीन, रुस, अमेरिका, बेलायत र दक्षिण कोरियाका पत्रकारलाई समाचार संकलनका लागि अनुमति दिइनेछ । परमाणु परीक्षण स्थल नष्ट गरेको घटना पारदर्शी बनाउन उत्तर कोरियाले यो नीति अवलम्बन गरेको अनुमान गरिएको छ । उत्तर कोरियाले स्थानको अभावका कारण सीमित पत्रकारलाई मात्रै सो स्थानमा जान दिन सकिने पनि उल्लेख गरेको छ ।

यसैबीच, आणविक हतियारहरूको परीक्षण गर्ने गरिएको स्थल भत्काएर नष्ट गर्ने उत्तर कोरियाले गरेको घोषणाको दक्षिण कोरियाले स्वागत गरेको छ । उत्तर कोरियाले सो स्थल भत्काउन लागिएको र त्यसका लागि केही विदेशी विज्ञहरूलाई समेत आमन्त्रण गर्न सकिने जानकारी दिएको थियो ।

उत्तर कोरियाली केन्द्रीय समाचार संस्था केसीएनएले यही मे २३ देखि यस्तो कार्यको सुरुआत गरिने जानकारी दिएको छ । आगामी जुन १२ मा सिंगापुरमा हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीच कोरियाली प्रायद्वीपको शान्तिका विषयमा वार्ता हुँदै छ ।

विगत लामो समयदेखि कोरियाली प्रायद्वीपमा रहँदै आएको तनावलाई अन्त्य गर्ने उद्देश्यका साथ हुने सो शिखर सम्मेलनलाई मार्ग प्रशस्त गर्न उत्तर कोरियाले केही सकारात्मक कदम चालेको छ। उक्त कदममध्येको आणविक परीक्षण गर्ने स्थललाई भत्काउने पनि एउटा सकारात्मक कार्य हो । उत्तर कोरियाले आणविक हतियार परीक्षणस्थललाई नष्ट गर्ने प्रक्रियालाई अघि बढाएको समाचार यसअघि नै आएको थियो ।

दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालय ब्ल्यु हाउसका एक जना प्रवक्ताले उत्तर कोरियाको सो कदमको स्वागत गरेको बताएका छन् । उनले एक विज्ञप्ति जारी गर्दै आणविक विषय नै उत्तर कोरियासँगको प्रमुख विषय भएको र त्यसैले यस विषयमा आएका सकारात्मक क्रियाकलापहरूले आगामी दिनका लागि पनि मार्ग प्रसस्त गर्ने बताएका छन् ।

आगामी महिना सिंगापुरमा हुन लागेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीचको वार्तालाई विश्वमा नै निकै चासोका साथ हेरिएको छ । उत्तर कोरियाली नेता उनले चिनियाँ राष्ट्रपति सी जिन पिङसँग दुईपटकसम्म भेटवार्ता गरेका छन् भने दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनसँग पनि भेटवार्ता गरेका छन् ।

*(एजेन्सीहरुको सहयोगमा)*

# रोचक संसार

## कलियुगका भगवान



अष्ट्रेलियामा एकजना यस्ता मानिस छन् जसले अहिलेसम्म २४ लाख बच्चाको ज्यान बचाएका छन् । डाक्टरहरु पनि यी वृद्धलाई भगवानको रुपमा मान्छन् । जीवनमा २४ लाख बच्चाको ज्यान कसरी जोगाए त ती वृद्धले ? वास्तवमा उनले रक्तदान गरेर यतिधेरै बच्चाको ज्यान जोगाए ।

८१ वर्षका जेम्स हेरिसनको रगत निकै विशेष छ । उनको रगतमा यस्तो विशेष तत्व छ कि जुन प्रायः मानिसमा पाइँदैन । जेम्सको रगतमा पाइने एन्टीबडीलाई एन्टी डी भनिन्छ । यो एन्टीबडीले गर्भमा बढिरहेको बच्चालाई ब्रेन ड्यामेज तथा अन्य विभिन्न घातक रोगसँग लड्ने शक्ति प्रदान गर्दछ। त्यसैले त्यस्तो रोगको जोखिममा रहेका गर्भावस्थाका बच्चाहरुका लागि उनले रक्तदानबाट उपचार हुने गरेको छ। जसका कारण त्यस्तो रोगबाट मर्ने जोखिममा रहेका लाखौं बालबालिकाको ज्यान जोगिएको छ।

पछिल्लो ६० वर्षमा उनले ११७३ पटक रक्तदान गरेका छन् । आफ्नो जीवनमा उनले अहिलेसम्म १२ सय पटक रक्तदान गरे । वृद्धावस्थाका कारण अबचाहिँ उनलाई रक्तदान नगर्न डाक्टरहरुले चेतावनी दिएका छन् । अबदेखि रक्तदान गर्न नपाउने कुराले उनी चिन्तित छन् । सन् १९६४ देखि हालसम्म हेरिसनले दान गरेको रगतबाट गर्भमा रहेका २४ लाख बालबालिकाको ज्यान जोगिएको मिडिया रिपोर्टहरुमा उल्लेख छ ।

## कक्षाभित्रै छात्रा निर्वस्त्र

अमेरिकाको चर्चित केर्नेल विश्वविद्यालयमा विद्यार्थीको अनौठो प्रदर्शन देखिएको छ । उक्त विश्वविद्यालयको एउटा कक्षामा एकजना छात्राले प्राध्यापककै अगाडि जिउमा लगाएका कपडाहरु खोलिदिएकी छन् ।

ती छात्रा अलिक छोटो कपडा लगाएर कक्षामा पुगेकी थिइन् । विद्यालयको मर्यादालाई उल्लंघन गरेर छोटो कपडा लगाई आएको भनी उनीमाथि कक्षामा पढाइरहेका प्रोफेसरले टिप्पणी गरिहाले । आफूले लगाएको कपडा छोटो भएको भन्दै जब प्रोफेसरले नकारात्मक टिप्पणी गरे तब ती छात्राले सहन सकिनन् । त्यसपछि त उनले आफ्नो जिउका कपडाहरु एकपछि अर्को गर्दै खोलेर निर्वस्त्र बन्न लागिन् ।

ती छात्राको नाम लेटिटिया चेई हो । प्रोफेसर रेबेका मगारले उनको पहिरनका विषयमा आलोचना गरेका थिए। यसअघि पनि प्रोफेसर मगारले लेटिटियामाथि उनको पहिरनको विषयलाई लिएर बेला बेलामा कचकच गर्ने गरेका थिए । यसपटक कक्षामा लेटिटियाको प्रस्तुति थियो र सोही दिनमा उनको पहिरनलाई लिएर प्रोफेसरले टिप्पणी गरेपछि उनको रिसको सीमा रहेन । उनले जिउमा लगाएका सबै कपडा प्रोफेसरकै अगाडि खोलिदिइन् ।

आफ्नो साथीले कक्षाकोठामै कपडा फुकाल्न थालेपछि साथी विद्यार्थीहरु निकै असमन्जसमा परे । प्रोफेसर झनै ट्वाँ परे । यसरी कपडा फुकालेपछि उनले साथीहरुतर्फ हेरिन् अनि रुँदै सोधिन्, मैले के तपाइँहरुलाई नैतिक रुपमा कुनै नोक्सानी पर्याएँ ?' त्यसपछि उनी आफ्ना कपडा समातेर कक्षाबाट बाहिर गइन् । लेटिटियाले आफूले प्रोफेसरको टिप्पणीमाथि कपडा फुकालेर विरोध जनाएको कुराको आफ्नै फेसबुकमार्फत पनि खुलासा गरेकी छन् । उनको विरोध प्रदर्शनको कतिपय छात्रले समर्थन गरेका छन् । प्रोफेसरको समर्थन गर्नेहरुले चाहिँ चेईले आफ्नो नैतिक दायरा नाघेको जनाएका छन् ।

## गाईलाई ब्रा ?

सुन्दैमा अनौठो लाग्दछ । तर बेलायतमा चाहिँ किसानले आफ्नो फार्ममा पालेका गाईहरुलाई कल्चौडोमा ब्रा लगाइदिने गरेका छन् ।

स्कटल्याण्डको हाइल्याण्डस्ति इस्टर रोसका एक किसान दम्पत्तिले आफ्ना गाईलाई ब्रा लगाइदिएका हुन् । थुन सुन्निने समस्या अर्थात् मास्टिटिसबाट गाईलाई मुक्ति दिनका लागि यसो गरिएको बताइएको छ । वास्तवमा गाईका बाच्छा बाच्छीले अघिल्ला दुई थुन मात्र चुस्दछन् । यसो गर्दा पछिल्ला दुई थुन अर्थात् आधा कल्चौंडो गानिन्छ र सुन्निन्छ । सोही कारण अघिल्ला दुई थुनमा ब्रा लगाइदिएपछि बाच्छाले पछिल्ला थुन चुसिदिने र गान्निएर जम्मा भएको दुध निखिने कारणले थुन सुन्निने समस्या हुँदैन । यसरी आलोपालो गरी अघिल्लो र पछिल्लो थुनमा ब्रा लगाइदिएपछि गाईको कल्चौंडोको कुनै थुनमा दुध जम्मा हुने समस्या हुँदैन ।

डोनाल्ड रस नामका ती किसानले आफ्नो गाईलाई लगाइदिएको ब्राको तस्वीर उनका साथीले सोसल मिडियामार्फत सार्वजनिक गरिदिएका थिए ।

## डाक्टरको भूत बिरामीको उपचारमा

जादु टूना तथा तन्त्रमन्त्रका कहानीहरु त धेरै सुन्नुभएको होला । मानिसहरु भूतप्रेत भगाउन तन्त्रमन्त्रको सहारा लिन्छन् । अन्धविश्वासग्रस्त समाजमा विरामीको उपचारमा समेत धामी झाँक्री वा तान्त्रिकको सहारा लिइन्छ । तर यो दुनियाँमा एउटा यस्तो अस्पताल छ, जहाँ विरामीको उपचार गर्न भूतको सहारा लिइन्छ । भारतको उत्तरप्रदेशस्थित गोरखपुरमा यस्तो अस्पताल रहेको छ । जहाँ मरेका मानिसका आत्माले रोगीको उपचार गर्दछ । यो अस्पताल बाहिर फोहोरले भरिएको एउटा खाडल छ । विरामीको उपचारका लागि सुरुमा सोही खाडमा डुबाइन्छ । उक्त खाडलमा भूत आउने र विरामीको उपचार गर्ने दावी तान्त्रिकहरुको छ । खाडलमा डुबाएर बाहिर निकालेपछि तान्त्रिकहरुले तन्त्रमन्त्र पढ्न सुरु गर्दछन् र बिरामीको शरीरबाट रोग भगाउने भन्दै कुटपिट गर्दछन् । भूतले उपचार गर्ने यो अस्पताल अन्धविश्वास बाहेक केही होइन । तर हजारौं मानिसहरु वर्षेनी आफ्ना परिवारजन तथा आफन्तको उपचारका लागि यहाँ आएर फोहोरको खाडलमा चोपल्दछन् ।

## बच्चाबिहीन गाउँ

सुन्दैमा अनौठो लाग्दछ। यो दुनियामा एउटा यस्तो गाउँ छ, जुन गाउँभित्र पछिल्लो ४ सय वर्षयता कुनैपनि बच्चा जन्मिएका छैनन् । उक्त गाउँमा श्राप परेका कारण यस्तो भएको विश्वास गाउँलेहरुको छ । यो कथा भारतको मध्यप्रदेशस्थित राजगढ जिल्लामा पर्ने सांका श्यामजी नामक गाउँको हो। यो गाउँमा यस्तो श्राप परेको छ की जसका कारण गाउँका महिलाहरुले पछिल्लो ४ सय वर्षदेखि आफ्नो गाउँमा बच्चा जन्माउन पाइरहेका छैनन् ।

गाउँमाथि भगवानको श्राप रहेको अन्धविश्वास जनमानसमा कायम छ, जसका कारण यो गाउँको सिमानाभित्र महिलाले बच्चा जन्माउन पाउँदैनन् ।

त्यसोभए के ४ सय वर्षदेखि गाउँमा कोहीप्नि नयाँ मान्छे थपिएको छैन त ? अनि ४ सय वर्षदेखि मान्छे नजन्मिँदा त्यो गाउँमा अहिले भएका मानिसहरु कहाँ बाट आए त ?

वास्तवमा गाउँका महिलाहरुले आफ्नो गाउँभित्र बच्चा जन्माउन पाउँदैनन् र बच्चा जन्माउनका लागि गाउँका सिमाना बाहिर जानु पर्दछ । बच्चा जन्मिएपछि भने परम्परागत संस्कार पूरा गरी आमा र बच्चा गाउँ फर्किन पाउँछन् । यदि गाउँभित्र कसैले बच्चा जन्माउने कोसिस गरेमा या त बच्चा अपांग जन्मिने वा आमा र बच्चाको ज्यान जाने विश्वास गाउँलेहरुमा छ ।

किम्बदन्ती अनुसार १६ औं सताब्दीमा उक्त गाउँका महिलामाथि श्राप परेको हो । १६ औं सताब्दीतिर उक्त गाउँमा भगवानले मन्दिर स्थापना गरेछन् । मन्दिरभित्र देवी देवता विराजमान थिए । गाउँका महिलाहरुले कुटानी पिसानी गर्नुपर्दथ्यो । त्यसो गर्दा ठूलै आवाज आउँदथ्यो । सोही आवाजका कारण मन्दिर भित्रका देवी देवताहरुको ध्यान भंग भएछ । जसका कारण रिसले चूर भई गाउँका महिलाहरुलाई देवताले श्राप दिएछन् की अबदेखि कुनैपनि महिलाले गाउँमा बच्चा जन्माउन नपाउन् ।

गाउँलेका अनुसार अहिले आधुनिकता सँगै उक्त गाउँका ९० प्रतिशत प्रसुति अस्पतालमै हुने गरेका छन् । आकस्मिक रुपमा गर्नुपर्ने अरु १० प्रतिशतमा मात्र परम्पराको पालना हुने गरेको छ । जसमा गर्भवती महिलालाई गाउँ बाहिर बनाइएको एउटा झुप्रोमा लगेर प्रसुति गराउने गरिएको छ ।

## सडकमा चकलेटको खोला

जब सडकमा चकलेटको लेदो खोला बग्छ, तपाइँ के गर्नुहुन्छ ? सायद पेटभरि चकलेट खाने त्यो अवसर कसैले गुमाउँदैन ।



पोल्याण्डमा बुधबार बिहानै सडकमा चकलेटको खोला बग्यो । जब चकलेटको लेदो भरिएको कन्टेनर ट्रक सडकमा पल्टियो तब त्यसभित्र रहेको सबै चलकेट सडकमा पोखिँदा सडकमा खोला नै बग्यो ।

वार्सा र पोजानबीचको राजमार्ग खण्डमा बुधबार बिहान साढे ५ बजे यो घटना भएको हो । ट्रक कन्टेनरमा कैयन् टन तरल चकलेट थियो । तिव्र गतिमा गुडिरहेको ट्रक एक्कासी सडक किनाराको बारमा ठोक्कियो र ट्रक अनियन्त्रित भई पल्टियो ।

पुलिसका अनुसार सडकमा चकलेटको खोला बग्दा केहीबेर त बाटो नै अवरुद्ध भयो । ट्रक ड्राइभर समेत गम्भीर घाइते भएका छन् । सडकमा पोखिएको चकलेट पखाल्न ठूलो परिमाणमा पानीको खाँचो पर्ने अधिकारीहरुले जनाएका छन् । चकलेट जमिसकेपछि त्यसलाई पन्छाउन बरफ भन्दा पनि गाह्रो पर्ने उनीहरुको भनाई छ ।

जँड्याहाका कारण रोकियो सहरभरिको रेलसेवा

मुर्खदेखि दैव पनि डराउँछ भनिन्छ । जब मानिस रक्सी पिएर अझै मुर्ख बन्दछ तब सरकारी संयन्त्रहरु पनि निकम्मा बन्दा रहेछन् । जर्मनीमा एक व्यक्तिले यो प्रमाणित गरिदिएका छन् ।

एक व्यक्तिले रक्सीको नशामा यस्तो हर्कत गरे कि उनका कारण पूरै सहरले असर भोग्नुपर्यो । ती एक व्यक्तिका कारण जर्मन रेलवेले १२ सय ८० मिनेटसम्म आफ्नो सेवा नै रोक्नुपरेको छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## अल्सिवाइडिसको सम्पत्ति

अल्सिबाइडिस एक सम्पन्न जमिन्दार थिए । उनी प्रशस्त जमिनका मालिक थिए । घरमा नोकरचाकर प्रशस्त थिए । उनलाई आफ्नो सम्पत्ति र जमिनदारीमा बडो गर्व थियो । उनका अगाडि उभिने जोकोहीले पनि उनको सम्पत्तिको बकबक नसुनी धरै पाउँदैनथे । एकदिन उनी महात्मा सुकरातकोमा गए । सुकरातसितको भेटमा सामान्य भलाकुसारीपछि उनी आफ्नो ऐश्वर्यको वर्णन गर्न थाले । उनको धन महिमा नसकुन्जेल सुकरात चुपचाप उनको कुरा सुनेर बसिरहे । केही समयपछि उनको बकबक एकछिनमा सकियो । उसले आफूलाई निकै ठूलो जमिन्दारको रुपमा चिनाउन खोजेको सुकरातले बुझिहाले । त्यसपछि सुकरातले पृथ्वीको एउटा नक्सा मगाए । त्यो नक्सा फैलाएर जमिनदारसँग सोधे, महाशय यसमा हाम्रो प्यारो देश ग्रिस कहाँ छ ? यो रह्यो ग्रिस जमिनदारले नक्साको एक स्थानमा औंला राख्दै गर्वसाथ भने ।

अनि यो ग्रिसभित्र एटिका प्रान्त कहाँ छ तपाईं देखाउन सक्नुहुन्छ ? सुकरातले फेरि तिनै जमिनदारसँग सोधे । जमिनदारले आफ्नो सानो प्रान्तलाई बडो कठिनाइले खोजे र सुकरातलाई देखाए । सुकरातले फेरि उनीसँग सोधे- यस ऐटिकाको सिमानाभित्र तपाईंको जमिनदारी कहाँदेखि कहाँसम्म पर्छ ? हजुर पनि यस्ता कुरा सोध्नुहुन्छ महात्मा ? एउटा विश्वको नक्सामा यति सानो जमिनदारी कसरी देख्न सकिन्छ ? जमिनदारले छक्क पर्दै प्रश्न गरे । उनको प्रश्न सुनेर सुकरातले भने- जुन जमिनका लागि यति ठूलो नक्सामा एउटा बिन्दु पनि राख्ने ठाउँ छैन त्यति थोरै जमिनमाथि तपाईं किन यति धेरै गर्व गर्नुहुन्छ ? यस सम्पूर्ण ब्रह्माण्डमा तपाईंको भूमि र तपाईं कहाँ हुनहुन्छ ? तपाईं सोच्नोस् त यति थोरै जमिनमा के गर्व गर्नु ? जमिनदार अल्सिवाइडिस सुकरातको कुराले प्रभावित भए । सुकरातसँग क्षमा मागे र त्यस दिनदेखि आफ्नो जमिनको बढाइचढाइ गर्न छोडे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ हुनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । रमाइलो जमघटका बीच भोजनको आनन्द प्राप्त हुनेछ । साँझतिर वादविवादबाट जोगिने प्रयत्न गर्नुहोला ।

### बृष
समयमा होस नपुग्नाले खर्च बढ्नेछ । ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला । आफ्नै कमजोरीले साथीभाइमा वादविवाद निम्त्याउन सक्छ । तापनि सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ । साँझतिर पारिवारिक भेटघाटले खुसियाली छाउनेछ ।

### मिथुन
आम्दानी बाहिरिनाले अर्थ अभाव देखापर्न सक्छ । समय दिन नसक्दा काम बिग्रन सक्छ । फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ । दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ । नजिकका साथीभाइ टाढिए पनि शुभचिन्तक फेला पर्नेछन् । साँझतिर टाढाका साथीभाइ नजिकिनेछन् । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### कर्कट
अवरोधका बाबजुद चिताएको काम सम्पादन हुनेछ । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । व्यापारमा पनि फाइदा हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । कीर्तिमानी काम गर्ने समय छ । साँझतिर विशेष धनलाभ हुन सक्छ । मान सम्मान पाउने योग छ ।

### सिंह
काममा धेरै समय दिन नसकिएला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । तापनि समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । साँझतिर दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । परिश्रमले धेरैको मन जित्न सकिनेछ । गरेका काममा मनग्गे लाभ हुनेछ ।

### कन्या
गोपनीयता बाहिरिनाले लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । तापनि रोकिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । साँझतिर केही काम बन्नेछन् । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला ।

### तुला
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायमा आम्दानी बढ्नेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । रमाइलो यात्राका बीच अतिथिका रूपमा सत्कार पाइनेछ । साथीभाइको सहयोगले नयाँ काम सुरु गर्न सकिनेछ । साँझतिर स्वास्थ्य कमजोर हुनाले लक्ष्यमा पुग्न समस्या पर्नेछ ।

### बृश्चिक
पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । प्रतिस्पर्धा, विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । साँझतिर प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । बेसुरमा बोल्ने बानीले भने अप्ठ्यारो पर्न सक्छ । मनमा चिन्ताले डेरा जमाउनेछ ।

### धनु
परिस्थितिवश चिताएको काम समयमा सम्पादन नहुन सक्छ । कामको मेसो नमिल्दा पनि अलमल हुनेछ । तापनि मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । केही समय प्रतीक्षा गर्नुपरे पनि लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । साँझतिर पुरुषार्थी काम सम्पादन गर्न सफल भइनेछ ।

### मकर
हिस्सेदारसँग मिलेर नयाँ काम प्रारम्भ गर्न सकिनेछ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । साँझतिर असहज परिस्थितिका बीच कामको दायित्व बढ्नेछ । समयमै समस्या सुल्झाउन सजग रहनुपर्ला । अध्ययनमा समय दिन नसक्दा पछि परिनेछ ।

### कुम्भ
आँट गर्न नसक्दा अरूले फाइदा उठाउन सक्छन् । तापनि व्यवसायमा मनग्गे धनलाभ हुनेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । पहिलेका प्रतिस्पर्धीहरू सहयोगीका रूपमा देखा पर्नेछन् । साँझतिर आफन्तमा वैरभाव बढ्न सक्छ । चिताएका काम समयमा गर्न नसकिएला । आफन्तजनको विश्वास गुम्न सक्छ ।

### मीन
अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । आत्मसम्मानमा बाधा पुग्न सक्छ । विचारलाई तौलेर मात्र व्यक्त गर्नुहोला । बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । विवेकले काम लिने प्रयत्न गर्नुहोला । साँझतिर सहयोगीहरूको साथ प्राप्त हुनेछ । मिहिनेत गर्दा बिस्तारै काम बन्नेछ । विभिन्न अवसर प्राप्त हुनाले दैनिकीमा परिवर्तन आउनेछ । उत्साह बढ्नेछ ।

## "चंगा" को ट्रेलरमा कमेडी नै कमेडी

जेठको २५ गतेबाट रिलिज हुने तयारीमा रहेको चलचित्र 'चंगा'को ट्रेलर काठमाण्डौमा कार्यक्रमको आयोजना गर्दै सार्वजनिक गरिएको छ । रेश्मा तिमिल्सिनाको निर्माणमा तयार भएको यो चलचित्रलाई किशोर भण्डारीले लेखन तथा निर्देशन गरेका छन् ।

चलचित्रमा वुद्दि तामाङ, कमलमणी नेपाल, अंकित खड्का, लक्ष्मी बर्देवा, रेश्मा तिमिल्सिना, प्रेम बर्षा खड्का, जीवन भट्टराई, राजन खतिवडा, लाकी भण्डारी लगायतका कलाकारको मुख्य भूमिका छ । चलचित्रको ट्रेलरलाई कमेडी शैलीमा तयार पारिएको छ । निर्देशक भण्डारीले ट्रेलर हेर्दा बच्चा अपरहणको कथा जस्तो लागेपनि सो कथामा चलचित्र नबनेको बताए ।

चलचित्रका कार्यकारी निर्माता प्रखु पाण्डे हुन् । चलचित्रमा नवराज उप्रेतीको छायांकन, कविराज गहत्तराजको नृत्य निर्देशन, रविन आचार्यको डीओपी, राजनराज सिवाकोटी र कमल खत्रीको संगीत छ । चलचित्रले २ घन्टा दर्शकलाई पूर्ण मनोरञ्जन दिने निर्माणपक्षको भनाई छ ।

## दुई चलचित्र संघबीच सहमति

नेपाल चलचित्र निर्माता संघ र नेपाल चलचित्र संघबीच १७ बुँदे सहमती भएको छ । यो सहमती २ बर्षका लागि गरिएको हो । विभिन्न २ बुँदे माग राख्दै नेपाल चलचित्र निर्माता संघले आन्दोलन गर्ने चेतावनी दिएपछि आइतबार बेलुकी मध्यरातमा दुई संघबीच सहमती भएको थियो । सहमती अनुसार (१) कुनै पनि चलचित्र घरले आफ्नो हलमा प्रदर्शन गर्ने चलचित्रको ट्रेलर, ब्यानर, पोष्टर र स्टाण्डी समेतको प्रचार प्रसार सामाग्रीको दुई हप्तासम्म निशुल्क सेवा प्रदान गर्ने गराउनेछ । २. मल्टिप्लेक्स चलचित्र घरको शेयरको रकम प्रत्येक हप्तामा चलचित्र प्रदर्शन पश्चात वितरकले भ्याट बिल जारी गरेको दुई हप्ता भित्र अनिवार्य रुपमा भुक्तानी गर्नुपर्नेछ । सिंगल स्टेशनको हकमा चलचित्र उत्रेको दुई हप्ता भित्र भुक्तानी गर्नुपर्नेछ । यो अवधि भित्र भुक्तानी नभएमा संयुक्त कार्यदलले गरेको निर्णय अनुसार हर्जाना सहित कारवाही गर्ने गराइनेछ । ३. चलचित्र घरले आफ्नो चलचित्र घरमा रहेको क्याबिनको हिसाब समेत उपलब्ध गराउनुपर्नेछ । ४. चलचित्र घरहरुले कुनै पनि हलभाडा वा हल खर्चको नाममा खर्च काट्न पाइने छैन । ५. काठमाण्डौ उपत्यका भित्रका चलचित्र घरहरुमा टिकट दर रु २५० वा ३ वा ३ भन्दा बढी चलचित्र भवन रहेको चलचित्र घरलाई मल्टिप्लेक्सको मान्यता दिइनेछ । उपत्यका बाहिरको हकमा टिकट दर रु २०० वा ३ वा ३ भन्दा बढी चलचित्र भवन रहेको चलचित्र घरलाई मल्टिप्लेक्सको मान्यता दिइनेछ ।

क. मल्टिप्लेक्स चलचित्र घरहरुको नेट शेयर बाँडफाँड पहिलो हप्ता ५० प्रतिशत, दोश्रो हप्ता ४५ प्रतिशत, तेश्रो हप्ता ४० प्रतिशत र चौथो हप्तादेखि ३५ प्रतिशत निर्माताले पाउनेछ । ख. सिंगल चलचित्र घरको नेट शेयर बाँडफाँड पचास प्रतिशतको आधारमा हुनेछ । ग. उपत्यका भित्र गोपीकृष्ण मुभिजको गोपी हल र कृष्ण हल, अष्टनारायणको क र ख, गुण सिनेमाको क, ख र च तथा बारही मुभिजको क हललार्य मल्टिप्लेक्स सहरको शेयर बाँडफाँड गरिनेछ । घ. उपत्यका बाहिरको हकमा पोखराको श्रीकृष्ण, बारही चलचित्रको क र ख लाई मल्टिप्लेक्स सरहको शेयर बाँडफाँड गरिनेछ । ६. बक्स अफिस लगाउने सम्बन्धमा दुबै संघको पूर्ण प्रतिवद्धता रहेको छ । ७. यो संझौता मिति २०७५ साल जेष्ठ ४ गतेदेखि लागू हुनेछ ।

## "नाइ" नभन्नू ल ५" र "क्याप्टेन" भिड्ने

भदौ ८, सबैको नजर यतिबेला यो मितिमा अडिएको छ । कारण, अनमोल केसी स्टारर फिल्म 'क्याप्टेन' र सुपरहिट सिरिज 'नाइँ नभन्नू ल' को पाँचौ श्रंखला यही मितिमा प्रदर्शनमा आउने चर्चा छ । यो फिल्मको लगभग छायांकन सकिसकेको छ । उता 'क्याप्टेन' को भने अहिले दमकका धमाधम छायांकन भइरहेको छ । फ्लोरमा जानु अगाडि नै यो फिल्म भदौ ८ मा आउने खबर बाहिरिएको थियो । तर, वितरक र निर्माताले भने यस विषयमा औपचारिक जानकारी दिएका थिएनन् ।

भदौ ८ मा दुई ठूला फिल्म जुध्ने भएपछि यतिबेला सिनेवृत राम्रै तरंगीत बनेको छ । एकातिर अनमोललाई 'नाइँ नभन्नू ल' ब्राण्डसँग भिड्नु चुनौतीपूर्ण रहेको बहस चल्दै गर्दा अर्कोतिर अनमोलको स्टारडमको अगाडि 'नाइँ नभन्नू ल ५' को सुखद नजिता नआउने टिकाटिप्पणी सुरु भएको छ ।

क्याप्टेनको सुटिङ सकिन अझै एक महिना लाग्ने हुँदा यो फिल्म भदौ ८ मा आउने सम्भावना निकै न्यून छ । स्रोतका अनुसार, भदौमा रिलिज नभए 'छक्का पञ्जा ३' सँग जुध्न दशैंको फूलपातीमा 'क्याप्टेन' को रिलिज डेट तय हुन सक्ने प्रवल सम्भावना छ । यसअघि पनि अनमोलको 'कृ' गएको दशैंमा 'छक्का पञ्जा २' सँग रिलिज हुने ठूलै हल्लाखल्ला थियो ।

## "बेबी आई लभ यू" लाई "पिजी"

जेठ १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बेबी आई लभ यू' सेन्सर पास भएको छ । जनक पाण्डे निर्देशित यो फिल्मले सेन्सर वोर्डबाट 'पिजी' प्रमाण पत्र प्राप्त गरेको छ । अब १६ वर्ष भन्दा कम उमेरका दर्शकले यो फिल्मलाई अभिभावकको साथमा हेर्नुपर्नेछ । फिल्ममा समावेश केही लागु औषधका दृश्यका कारण सेन्सरले पिजी प्रमाण पत्र दिएको निर्माता शिव न्यौपानेले बताए । सेन्सरका सदस्यले भने फिल्म रुचाएको उनको भनाई छ ।

'बेबी आई लभ यू' मा सन्तोष खड्गी र पूजा तिवारीको मुख्य भूमिका रहेको छ । सन्तोष र पूजासँगै यसमा सरोज खनाल, निर्मल शर्मा, राजु कमेडी, रेशम बुढाथोकी, अप्सन पन्थीलगायतको अभिनय छ । सुरज आचार्यको सिनेम्याटोग्राफी रहेको फिल्मको कथा अभिनेता खड्का आफैंले लेखेका हुन् । लिची इन्टरटेन्मेन्ट प्रा.लि.को ब्यानरमा निर्मित उक्त फिल्ममा सिर्जना परियार र दुर्गा पाण्डे सह-निर्मातामा रहेका छन् । *(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Microcosm = सानो विश्व, सानो संसार Nepal is a microcosm within the earth where all climates, flora, fauna and colors exist (नेपाल पृथ्वीभित्रको सानो विश्व हो जहाँ सबै हावापानी, प्राणी, वनस्पती र वर्ण पाइन्छ)

Nocturnal = रातको । रातमा गरिएको Owl is an nocturnal bird (लाटोकोसेरो रातको चरा हो )

Orthography = सही उच्चारण English orthography is difficult to master (अंग्रेजी उच्चारणमा निपुण हुनु गाह्रो कुरा हो )

Permeable = छिर्ने, चुहिने, पस्ने, सोस्ने Cotton is a permeable fabric so that it easily absorbs sweat, water or any other type of liquids (सुती कपडाले पसिना, पानी लगायतका कुनै पनि झोल पदार्थ सोस्दछ)

Quizzical = उत्सुक । हस्यौली पाराबाट थाहा पाउन चाहने प्रवृत्ति He is very quizzical in his behavior (उसको हाँसी हाँसी अरूको कुरा जान्न चाहने बानी छ)

Relegate = तल्लो दर्जामा सरुवा गर्ने । घटुवा गर्ने Because of the lower performance, their football club was relegated to 'B' Division (नराम्रो प्रदर्शनको कारण तिनीहरूको फुटबल क्लवलाई बी डिभिजनमा झारियो)

Scrupulous = गहन रुपले लाग्ने बानी Although he is scrupulous at his duty, he is not that much conscientious about the obligations to his family and friends (आफ्नो कामप्रति गहन रुपले लाग्ने भए पनि ऊ परिवार र मित्रहरूप्रतिको आफूले निर्वाह गर्नुपर्ने कर्तव्यप्रति त्यति उत्साहित छैन)

Transient = धेरै समय नरहने । क्षणिक His happiness following his success in the written examination turned transient when he knew that he was not selected for the position after interview (पदको लागि आफू नछानिएको जब उसले थाहा पायो तब लिखित जाँचमा पास भएको कारण आएका उसका खुसीहरू सबै हावाको झोंक्काझैं क्षणिक बन्न पुगे)

Ursine = भालुको जस्तो Panda is regarded as bear for its ursine appearance (भालुको जस्तो मुख भएको कारण पाण्डालाई पनि भालुकै श्रेणीमा राखिन्छ)

Vantage = फाइदाजनक स्थिति । अवसर The seat in the first row is a vantage for those watching magic (पहिलो लहरको सिटमा बसेर जादु हेर्नु पाउनु पनि एक अवसर नै हो)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

रेडियोको आविष्कार गर्ने व्यक्ति को हुन् ?
- मर्कोनी

एक्सरेका आविष्कार गर्ने व्यक्ति को हुन् ?
- डब्लु रोइन्टजेन

भगवान पशुपतिनाथका कतिवटा मुख छन् र त्यसको नाम के हो ?
- ५ वटा, ईशान, अघोर, वामदेव, तत्पुरूष, सद्योजात

पाञ्चायन देवता भनेको को को हुन् ?
- शिव, विष्णु, गणेश, सूर्य, देवी

पशुपतिनाथको दक्षिण मुखलाई के भनिन्छ ?
- अघोर

जापानको अर्डर अफ द राइजिङ सन नामक तक्मा प्राप्त गर्ने नेपाली को हुन् ?
- टंकप्रसाद आचार्य

टीबीको किटाणु पत्ता लगाउने वैज्ञानिक को हुन् ?
- रोबर्ट कोच

काठमाडौंको सबभन्दा अग्लो मन्दिर कुन हो ?
- तलेजु

भुटानको राष्ट्रिय भाषालाई के भनिन्छ ?
- जोन्दखा

चीनले आफ्नो पहिलो हाइड्रोजन बम कहिले परीक्षण गर्‍यो ?
- सन् १९६७

फलामभन्दा बलियो प्लास्टिक निर्माण गर्ने देश कुन हो ?
- जापान, हाकिरो नाकामिसी

पृथ्वीको जम्मा क्षेत्रफल कति छ ?
- ५१ करोड १ किमि

क्षेत्रफलको आधारमा विश्वको सबभन्दा ठूलो महादेश कुन हो ?
- एसिया

लाइट एयर भनेको के हो ?
- एक वर्षको जम्मा प्रकाश

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go for = लागि जानु I go for swimming every Saturday हरेक शनिबार म पौडी खेल्नको लागि जान्छु ?

Go deep = गहिरिएर जानु The problem between emplyer and employees went deep काम दिने र काम गर्नेबीचको समस्या गहिरिएर गयो ।

Go on = निरन्तर अघि बढ्नु This project goes on without any difficulty यो योजना विना कठिनाइ अगाडि बढ्छ ।

Go on = सन्दर्भमा जानु This month I go to London on business यो महिना व्यापारको सन्दर्भमा लण्डन जान्छु ।

Go into = भित्र पस्नु Whenever she goes into the room shut the door immediately कोठाभित्र पस्ने बित्तिकै तिनी ढोका बन्द गर्छिन् ।

Go by = मा जानु This time I go somewhere by train यसपटक म रेलमा कतै जान्छु ।

Go to = कहाँ जानु Tomorrow she will go to her sister भोलि तिनी दिदीकहाँ जानेछिन् ।

Go away = गइहाल्नु Go away and leave me alone please कृपा गरी तिमी गइहाल र मलाई एक्लै रहनदेऊ ।

Go at = नै जानु Go tomorrow at nine if you want to meet her उनीलाई भेटन चाहन्छौ भने नौ बजे नै जाउ ।

Go with = सँगै जानु He has gone with Denise just now ऊ भर्खरै डेनिससँग गयो ।

## सुडोकु-अंक १०२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | | | | | |
| | | | | | ७ | ५ | | १ |
| | १ | | ९ | ८ | | | | |
| | ३ | | ८ | ९ | ४ | ६ | | |
| | | ६ | ३ | | ५ | २ | | |
| | | ७ | ६ | १ | २ | | ८ | |
| | | | | ६ | १ | | ५ | |
| ३ | | ८ | ४ | | | | | |
| | | | | | | | ४ | |

## अंक १०१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | १ | ८ | ७ | ९ | २ | ३ | ५ |
| २ | ८ | ३ | ४ | १ | ५ | ७ | ६ | ९ |
| ९ | ५ | ७ | ६ | २ | ३ | ८ | १ | ४ |
| ७ | १ | २ | ३ | ६ | ४ | ५ | ९ | ८ |
| ८ | ९ | ६ | १ | ५ | ७ | ४ | २ | ३ |
| ५ | ३ | ४ | २ | ९ | ८ | १ | ७ | ६ |
| ३ | २ | ८ | ७ | ४ | ६ | ९ | ५ | १ |
| १ | ६ | ५ | ९ | ८ | २ | ३ | ४ | ७ |
| ४ | ७ | ९ | ५ | ३ | १ | ६ | ८ | २ |

# बाल विकास समाजका विविध गतिविधि

















## किशोरकिशोरीहरुलाई जीवनोपयोगी सीप

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरीरहेको छ । तालिममा उनीहरुलाई बालबालिका तथा बालअधिकार र कर्तव्यका साथै जीवनोपयोगी सीपका बारेमा सिकाइन्छ । जसले गर्दा उनीहरुलाई दैनिक जीवनमा आइपर्ने समस्याहरुको निराकरण गर्नका लागि सहज हुन्छ । संस्थाले उक्त तालिम सुरेन्द्र ढकाल प्रतिष्ठानको सहकार्यमा सन्चालन गरिरहेको छ । एक वर्षका लागि सम्झौता भएको यो तालिममा सहभागीहरुलाई आत्मजागरण, प्रभावकारी सञ्चार, अन्तरव्यक्ति सम्बन्ध, सकरात्मक सोचाइ, सहानुभूति तथा अनुभूति, तनाव व्यवस्थापन, निर्णय गर्ने सीप, सृजनात्मक सोचाइ, सम्वेग नियन्त्रण, समस्या समाधान गर्ने सीप लगायतका विषयमा सहभागीहरुलाई सिकाइन्छ । एक विद्यालयका विद्यार्थीहरुका लागि कम्तीमा १० वटा शनीबार यो तालिम सञ्चालन गरिन्छ । विद्यालय तथ अभिभावकसँगको समन्वयमा सञ्चालन हुने तालिममा किशोरकिशोरीहरु सक्रियतापूर्वक सहभागी भएका छन ।

तालिममा जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुको सहभागिता भइरहको छ । तालिमको तेस्रो हप्ता सकिएको छ । सहभागीहरुलाई अन्तरव्यक्ति सम्बन्धका बाधाहरु के के हुन्छन् ? अन्तरव्यक्ति सम्बन्ध स्थापित गर्दा ख्याल गर्नुपर्ने कुराहरुको बारेमा व्यापक रुपमा छलफल गराइएको थियो । बाल विकास समाजका तालिम अधिकृतद्धारा जीवनोपयोगी सीप तालिमको सहजीकरण गरिएको थियो । तालिममा सहभागी किशोरकिशोरीहरुले यस तालिमबाट हामी दैनिक जीवनमा आइपर्ने धेरै समस्याहरुको निराक(णका लागि उचित उपायको बारेमा सिकिरहेका छौ भन्ने कुरा बताएका थिए । अहिलेको विद्य(ालय शिक्षा अध्ययनमा नसमेटिएको विषयलाई यस तालिमको विषयवस्तुका रुपमा छलफल गराउने हुनाले पनि यो जीवनोपयोगी सीप तालिम किशोरकिशोरीहरुका लागि प्रभावकारी भएको विश्लेषण गर्छन संस्थाका तालिम अधिकृत गोविन्द वि क । उनीहरुका लागि समस्या समाधान गर्ने उपाय नै महत्वपूर्ण हुन्छ । तालिममा सिकेका कुराले उनीहरुको पढाइमा पनि थप सहयोग पुगेको कुरा विद्या(लयका शिक्षकहरुको भनाइ रहेको छ ।

काभ्रे – विभिन्न विषयमा अभिमुखीकरण

बाल विकास समाजले काभ्रे र भक्तपुर जिल्लाका बालक्लव, बाल संरक्षण समिति तथा जनप्रतिनिधिका सदस्यहरुलाई बालअधिकार तथा बाल संरक्षणका बारेमा तालिम सन्चा(लन गरेको छ । संस्थाले विभिन्न किसिमका तालिममार्फत बालक्लवहरुलाई सशक्तिकरण गर्दै आइरहेको छ ।

यसैगरी काभ्रे जिल्लाको रोसी गाउपालिकास्थित किशोरकिशोरी तथा बालबालिकाहरुलाई विभिन्न विष(यमा अभिमुखीकरण सञ्चालन गरिएको थियो । अभिमुखीकरणमा बालयौन दुर्व्यवहार, बालश्रम, सुरक्षित वसाइसराइ लगायतका विषय समेटिएका थिए । अभिमुखीकरणमा चेजनामुलक भित्तेपत्रिका लेखनका बारेमा पनि सहभागीहरुलाई छलफल गराइएको थियो । सोही छलफलमा सबैजनाको सक्रियतापूर्वक सहभागिता रहेको थियो । साथै बालक्वका पदाधिकारी तथा संरक्षण समितिका पदा(धकारीहरुलाई पनि तालिम सञ्चालन गरिएको थियो । उक्त तालिम इन्द्रोदय आधारभूत विद्य(ालयमा सञ्चालन गरिएको हो । तालिममा बालक्लव के हो ? बालक्लवमार्फत अर्थपूर्ण बालसहभागिता कसरी सुनिश्चत गर्न सकिन्छ ? बालक्लव गर्न सक्ने कार्यहरु के के हुन ? बालक्लव कसरी सञ्चालन गर्ने आदि कुराको बारेमा सहजिकरण गरिएको थियो । तालिममा बालअधिकारका बारेमा समूहकार्यमार्फत प्रस्ट पारिएको थियो । तालिममा समुदाय तथा विद्यालयस्तरका बा(लक्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

त्यसैगरी भक्तपुर जिल्लाको महेन्द्र ग्राम विद्यालयमा पनि बालक्लव व्यवस्थापन तालिम सञ्चालन भएको थियो । तालिममा २ वटा बा(लक्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो । सोही तालिममा पनि बालबालिकाहरुलाई बालक्लव सञ्चालनका विभिन्न विधिहरुका बारेमा सिकाइएको थियो । तालिममा सहभ(ागीहरु बालसहभागिता, बालसंरक्षण लगायतका विषयमा विभिन्न जिज्ञासा राखेका थिए । यस प्रकारका तालिमबाट बालबालिकाहरुको सशक्तिकरण हुनुका साथै बालक्लव सञ्चा(लनमा सहजता आउने कुरामा दुईमत नहोला । बालबालिकाहरुले यस्ता किसिमका विषयहरुमा चासोकासाथ लिने हुनाले पनि तालिम प्रभावकारी हुन्छ ।

त्यसैगरी काभ्रेको रोसीमा अर्को बालक्लव व्यवस्थापन तालिम सञ्चालन सञ्चालन गरिएको थियो । विशेष गरी तालिममा बाल(अधिकार र बालसंरक्षणको बारेमा व्यापकरुपमा छलफल गराइएको थियो । सो तालिममा पनि बालबालिकाहरुलाई बालक्लव सञ्चालन लग(ायतका विषयमा सहजिकरण गरिएको थियो । त्यसैगरी रोसी गाउपालिका महादेवटारमा पनि ३ दिने बालक्लव व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो । तालिमको सहजीकरण जिल्ला बाल कल्याण समितिका प्रतिनिधि सरोज नेपालले गर्नु भएको थियो । सोही तालिममा बालक्लव, बाल संरक्षण समिति, विद्यालयका शिक्षक तथा जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । तालिममा बालअधिकार तथा बालसंरक्षणका विषयमा विभिन्न विधिको प्रयोग गरी छलफल गराइएको थियो । बालबालिकाहरुलाई यस प्रकारको तालिमबाट कतर्व्य तथा अधिकारका कुरामा सजग हुनका लागि थप प्रेरित गर्ने हुनाले पनि यस किसिमको तालिमको आवश्यक रहेको कुरा विद्यालयका शिक्षकहरुले बताउनु भएको थियो । तालिमबाट बालअधिकारको क्षेत्रमा काम वडामा बसेर काम गर्न थप प्रेरणा मिलेको प्रतिक्रिया जनप्रतिनिधिहरुबाट आएको थियो । तालिम समापनको क्रममा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रयासा केसीले वडास्तरबाट नै बाल संरक्षणका सवालहरुलाई उठाइ बालबालिकाहरुका समस्याहरुलाई निराकरण गर्नका लागि जनप्रतिनिधिहरुले ठोस भूमिका खेल्नु पर्ने कुरा बताउनु भएको थियो । त्यसैगरी से भ द चिल्ड्रेनका प्रतिनिधि भरत तामाङले यस तालिमबाट सहभागीहरुले बाल अधिकार, बालक्लव, बालसंरक्षण लगायतका विषयमा धेरै कुरा सिक्ने अवसर पाएका हुनाले सोही अनुसरा सिकेका कुरालाई व्यवहारमा लागू गर्नु पर्ने कुरा बताउनु भएको थियो ।

वडा स्तरबाट नै बालबालिकाहरुका लागि विशेष कार्यक्रम तयार गरी बालसंरक्षण समितिमार्फत उनीहरुका समस्याहरु पहिच(ान गर्न सकेको खन्डमा समस्या समाधान गर्न अप्ठयारो नपर्ने विश्वास समेत उहाले व्यक्त गर्नु भएको थियो । सोही अवसरमा वडा अध्यक्ष संरक्षण रहने गरी ९ सदस्यीय बाल संरक्षण समिति पनि गठन गरिएको थियो । यस तालिमको प्रभावले सहभागीहरुमा थप चेतनाको लहर फैलने कुरा बाल विकास समाजका कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले बताउनु भएको थियो ।

## बालक्लव व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

भक्तपुर । बाल विकास समाजको आयोजना, सेभ द चिल्डेनको साझेदारीमा तथा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघको साझेदारीमा संचालित नेपालमा रहेका ईट्टा उद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना अन्तर्गत यहि मिति २०७५ साल बैशाख २८ र २९ गते सुर्यविनायक नगरपालिका वडा नं. ८ सिपाडोल स्थित गणेश माध्यमिक विद्यालयमा गणेश बाल क्लवका पदाधिकारीहरुका लागि बाल क्लव व्यवस्थापान सम्बन्धि दुई दिने तालिमको सम्पन्न भएको छ । जसमा २६ जना बालबालिकाहरुको सहभागीता रहेको थियो । तालिमको सहजीकरण बाल विकास समाजको सिनियर कार्यक्रम सुपरभाइजर भरत थापा र कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले सहजीकरण गर्नु भएको थियो । तालिमको पहिलो दिन सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक भरत तामाङ्गले तालिमको पहिलो दिन बालबालिकाको परिभाष, बाल अधिकारको परिभाषा साथमा चार बाकस चिनारी, बाल क्ल(वका किन आवश्यकता छ, बाल क्लवको महत्व, पदाधिकारीहरुको काम कर्तव्य र जिम्मेबारी आदि कुराको बारेमा सहजीकरण गर्नु भएको थियो । तालिमको दास्रो दिनमा बालबालिकाहरुको लागि महत्वपुर्ण सम्पर्क नम्बरहरु, हटलाइन नम्बरहरु, बाल क्लवले गर्न सक्ने कार्यहरु, बाल संरक्षणका निकायहरु तथा बाल क्लवको वार्षिक योजना तयार भएको थियो । दुई दिने तालिममा सहभागी बालबालिकाहरुको निकै सक्रिय रुपमा सहभागीता रहेको थियो । तसर्थ यस्ता तालिमहरु संचालनले बालबालिकाहरुमा नँया कुरामा जानकारी पाई जीवन उपयोगी सिप र क्षमतामा विकास हुन्छ ।

**प्रस्तुति : गोविन्द वि क/भरत थापा**

## कडा सुरक्षा ...

हिजो राष्ट्रवादको नारा दिने आजका तीन ठूला दल कांग्रेस, एमाले र माकेकै बाटो हो । नयाँ राष्ट्रवादको नारा दिँदै नेपाली जनतालाई झुक्याइ सत्ताको विकल्प बन्ने अभिलाषामा रविन्द्रहरु पनि देखिएका छन् । हिजो पंचेश्वर भारतलाई सुम्पदा नेपालले वर्षको एक खरब २० अरब कमाउँछ भन्ने ओलीको नयाँ राष्ट्रवादी मुकुण्डो मोदीको यस भ्रमणकालमा देखाएको लम्पसारवादले च्यातचुत गरेको छ ।

सबैभन्दा मजाको कुरा त अगष्ट १५ र जनवरी २६ मा भारतीय दुतावासमा गएर हण्डी खाने पत्रकारहरुको भएको छ जसलाई मोदीको अभिनन्दन गरिएको सभाहलभित्र छिर्नसम्म दिएन ओली सरकारले । भारतीय सैनिकलाई नेपाल बोलाएर मोदीको सुरक्षा दिनुपर्ने बाध्यता कहाँबाट आयो ? कतै आइएस नेपाल पसिसक्यो भन्ने डर भारतलाई लाग्यो कि ? जे होस भारतीय सेना नेपाल पस्नुले आफ्ना परमाधिपति राजा वीरेन्द्रको परिवारको सुरक्षा गर्न नसक्ने, भारतीय सेना नेपाल पसी सीमा भत्काउँदा अनि नेपाली जनतालाई मार्दा टुलुटुलु हेरी बस्ने नेपाली सेनाको कस्तो असक्षमता रहेछ भन्ने कुरा यसपाली नेपाली जनताले राम्रै बुझे । नेपाल भारतको संयुक्त कडा सुरक्षाको बाबजुद पनि मोदीलाई नेपालमा कालो झण्डा र ब्यानर देखाउने कार्य सफल हुनुले राष्ट्रघातीहरुको लम्पसारवादको भण्डाफोर भएको छ ।

## मोदी भ्रमणका...

पनि भारतीय प्रम नरेन्द्र मोदीको नेपाल भ्रमणको समयमा निजको सुरक्षाको निम्ति भन्दै सैनिकसहित सयौंको संख्यामा भारतीय सुरक्षाकर्मीहरूलाई नेपाल आउने अनुमति दिनु मुलुकको सार्वभौमसत्ता र स्वाभिमानको बर्खिलाप मात्र नभएर नेपाली सुरक्षाकर्मीप्रतिको अविस्वास र मानमर्दन समेत हो । यो संवेदनशील बिषय खेदजनक छ । यस कार्यले प्रधानमन्त्री ओलीको राष्ट्रवादी पोशाकमा हिलो छ्याप्ने काम गरेको छ ।

भारतीय प्रम मोदीको भ्रमणका निम्ति २ नं. प्रदेश सरकारले गरेको स्वागतका कतिपय कार्यहरू विवादास्पद र आपत्तिजनक रहेका छन् । सर्वप्रथम नेपालको संविधान बमोजिम बनेको प्रदेश सरकारका मुख्यमन्त्रीले सोही संविधानको विरोध गर्नु, राष्ट्रभाषा नेपाली वा प्रदेशका वहुसंख्यक जनसमुदायको मातृभाषा (राष्ट्रभाषा) मैथिलीमा नभएर हिन्दी भाषमा अतिथिको अभिनन्दन गर्नु, विदेशका प्रधानमन्त्री समक्ष नेपालका आन्तरिक 'समस्या समाधान गर्न' हस्तक्षेपको याचना गर्नु, विकृत बनाई राष्ट्रिय भण्डाको अपमान गर्नु, सभास्थलमा राष्ट्र विखण्डनको पक्षपोषण गर्ने प्रचार सामाग्री प्रदर्शन गर्न दिने लगायतका संविधान र राष्ट्रिय अखण्डता विरोधी कार्यलाई नेकपा (माले) विरोध र भत्सर्ना गर्दछ, तत्सम्वन्धी जिम्मेवार सवै व्यक्तिहरूमाथि राज्यले अविलम्व कानुनसम्मत शक्त कार्वाही गर्नु पर्ने माग गर्दछ । यसका साथै पार्टीको जोडदार माग रहेको छ : प्रदेश नं. २ का मुख्यमन्त्री मोहमद लालवावु राउतले नैतिकताको आधारमा आफ्नो पदबाट तत्काल राजीनामा गर्नुपर्दछ ।

यसैबीच भारत बिहारका भाजपा-सांसद कीर्ति आजादले सामाजिक संजाल मार्फत् सार्वजनिक गरेका विचार यथार्थ विपरित हुनुका साथै अत्यन्त आपत्तिजनक छन् । भारतीय इस्टइन्डिया कम्पनी सरकारसंग भएको सुगौली सन्धी (४ मार्च, १८१६) द्वारा हडपिएको कोशी नदी पश्चिमदेखि रापती पूर्वको समथर भूभाग त्यसभन्दा धेरै पहिले नेपालमा एकिकृत भइसकेको भूभाग हो । सो भूभाग आफ्नो निम्ति लाभदायक नभएको ठानी ब्रिटिश-भारतीय शासकहरूले उक्त सन्धी भएको केही महिना (डिसेम्वर, १८१६ ) पछि नै नेपाललाई फिर्ता गरेका हुन् । ऐतिहासिक तथ्यलाई तोडमोड गर्दै कीर्ति आजादले नेपाललाई खण्डित गर्ने राष्ट्रविरोधी विचार व्यक्त गरेका छन् । नेकपा (माले) उक्त विचारको जोडदार खण्डन र बिरोध गर्दछ । साथै नेपाल सरकारले ऐतिहासिक तथ्यसहित भारत सरकार समक्ष आपत्ति राखी उपरोक्त विचार फिर्ता गराउने व्यवस्था गरोस् भन्ने माग गर्दछ ।

## नेपालको सार्वभौमिकतामाथि...

चरणमा चढाए । तर मोदीले आफ्नो लामो भाषणमा मधेस र मधेसी शब्द उच्चारण समेत गरेनन् । राजधानी काठमाडौं नआई पहिले मधेसबाट राजकीय भ्रमण गर्ने पहिलो विदेश सरकार प्रमुखको रेकर्ड पनि बनाए उनले । नाकाबन्दीको पीडाले आह्वादित काठमाडौंबासीले उनको भ्रमणको खातिरदारी नगर्ने ठानेरै मोदीले जनकपुर रोजेको प्रायशः बुझाइ छ । भारतको कर्नाटक राज्यका जनताले आफ्ना प्रतिनिधि गोप्य मतदानद्वारा सुनिरहँदा मोदीले मुक्तिनाथ र पशुपतिनाथको दर्शन गरे । भारतीय टेलिभिजन च्यानलहरुले यसको प्रत्यक्ष प्रसारण गरे । देवभूमि नेपाल आउनु मोदीलाई फलिफाप नै भयो । सन् २००८ पछि फेरि कर्नाटकमा भाजपा लार्जेस्ट पार्टी बन्न सफल भयो ।

मोदीको स्वागतमा नेपाल सरकार र प्रदेश सरकारले जुन तामझाम देखाए त्यसलाई नेपाली जनताले पचाउन अझै सकेका छैनन् । ब्रिटिस महारानी भिक्टोरिया भारत आउँदा अंग्रेजहरुले जसरी स्वागत गरेका थिए । त्यसकै झल्को दिन्थ्यो मोदी स्वागतले । सामाजिक सञ्जालहरुमा मोदी भ्रमणको तीव्र विरोध भयो । काला झन्डाहरु देखाइए । उनको पुत्ला दहन गरियो । यसका बाबजुद पनि उनले सन्दिप लामिछानेको नाम लिएर नेपाली युवाहरुको मन जित्ने प्रयास गरे । भारतले गर्ने भनेर आगटेका परियोजनाहरु अघि बढाउने वचन त दिए तर व्यवहारमा के गर्ने हुन् हेर्न बाँकी नै छ ।

मोदीले आफ्नो नेपाल भ्रमणबाट नेपाल भारत संरक्षित मुलुक हो भन्ने अन्तर ाष्ट्रिय सन्देश भने छर्न सफल भएका छन् । कास्मिरमा गोर्खाली सेना, चीन सीमामा गोर्खाली सेना, दोक्लाममा थोर्खाली सेना उतारेर अखण्ड भारत जोगाइरहेका मोदीले नेपाली सुरक्षा निकायको विश्वास भने पटक्कै गरेनन् । सादा पोसाकमा सरकारको अनुमतिमा केही हतियार लिएर भारतीय सेना मोदी सुरक्षार्थ आएको भए अर्कै कुरा हुन्थ्यो । तर हतियारसहित युनिफर्ममा भारतीय स्थल र हवाई सेनालाई देशभित्र परेड खेल्न दिनुले प्रधानमन्त्री केपी ओली राष्ट्रवादमा पनि भ्याङ परेको बुझ्न गाह्रो छैन । अब उनले चीन भ्रमण गएर चीनसँग गरिएका पुराना सम्झौताको कार्यान्वयनमा कस्तो प्रतिबद्धता जनाउँछन् ? चीनसँग तेल र रेलबारे सम्झौता गर्छन् गर्दैनन् ? त्यसले मोदीसँगको वान टु वान भेटको पाटो पनि उजागर गर्नेछ । नाकाबन्दीबारे आत्मालोचना त के त्यतातिर प्रवेश नै गर्न नचाहेका मोदीले कोर्स करेक्सन गरे कि कोर्स चेन्ज गरेका हुन् समयले बताउनेछ ।

मोदी भ्रमणको रणनीतिक पाटो हो दक्षिण एसियामा चीनको बढ्दो प्रभावलाई रोक्ने । नेपालको वाम सरकार चीनसँग नजिक छ भन्ने दिल्लीको ठम्याई थियो । तर ओली सरकारले जसरी मोदीको भव्यताका साथ नागरिक अभिनन्दन गऱ्यो त्यसले मोदी दिलभित्रको तुष केही हटेको हुन सक्छ । नागरिक अभिनन्दन कुनै युद्ध विजेता सेना, देशको शान बढाउने खेलाडी, समाजमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति अथवा नेपालको असल सहयोगी र शुभचिन्तक विदेशी मित्रलाई मात्र गरिन्छ । मोदीले नेपालको संविधानमा आपत्ति जनाए त्यो हस्तक्षेप हो । एक भूपरिवेष्ठित मुलुक जो भूकम्पले थिलथिलो भएको थियो त्यसमाथि नाकाबन्दी लगाएर गलाउन खोज्नु दानवीय र दुष्ट कार्य हो । मोदीले नोटबन्दी गरेपछि भारमा काम गर्ने नेपालीलाई परेको समस्यामा मोदीको अरुचि क्रुरता हो । नेपालको सीमामा भारतीय सुरक्षा बलद्वारा नेपालीहरु लुटिइरहेका छन् । सीमा विवाद समाधान गर्न मोदी तयार छैनन् । नेपाललाई हेपिरहेका छन् । नेपालको संविधान संशोधन र प्रदेश सीमांकनमा उनको असन्तुष्टि यथावत छ । रोटी बेटीको सम्बन्ध समेत खोस्न खोज्ने र नेपालसँग शत्रुतापूर्ण व्यवहार गर्ने मोदीको नागरिक तहमा सरकारले अभिनन्दन गर्नु महालम्पसारवाद हो ।

मोदीले जनसम्बन्ध सुधार गर्ने थलो संसदलाई कुनै महत्व दिएनन् न त उनलाई जननिर्वाचित हाम्रा सांसदहरुप्रति नै विश्वास छ । उनले संसदमा भाषण नगरी जनकपुरको १२ बिगाहामा भाषण ठोके । मधेसलाई नयाँ बंगलादेश बनाउने धम्की दिने विखण्डनकारी मानसिकता बोक्नेहरुले मोदीको भाषणमा ताली ठोके । विहार, उत्तर प्रदेशको जनमत आफ्नो पक्षमा पार्न मोदीले जनकपुरमा चुनावी आमसभा गरे । सन् २०१९ मा भारतमा संसदीय आम निर्वाचन हुँदैछ । यही निर्वाचनलाई मध्यनजरमा राख्दै भएको मोदी भ्रमणले नेपालले केही पनि नपाउनु स्वाभाविक हो ।

## कालापानी...

नेपाली भूमि कालापानीमा अत्याधुनिक हतियारसहितको हजारौंको संख्यामा आफ्ना सैनिकलाई तैनाथ गरी नेपाली भूभागलाई भारतीयकरण गरेको छ । कालापानी पर्यटकीय र व्यापारिक हिसाबले नेपालको अत्यन्तै महत्वपूर्ण र बहुपयोगी स्थल हो । यातायात सेवा पुऱ्याउन सकेमा तिब्बतको रमणीय पर्यटकीय स्थल ताक्लाफाँटसम्म जान र रेशममार्गमार्फत युरोपसँग व्यापार सम्बन्ध कायम गर्न कालापानी अत्यन्त सस्तो र भरपर्दो नाका बन्न सक्छ । पञ्चायती कुशासनलाई भारतबाट अनुमोदन गराउन खातिर कथित राष्ट्रवादी कहलिएका राजा महेन्द्रले कालापानीको स्वामित्व लिनेबारे कहिल्यै पहल गरेनन् । सन् १९६४ मे १६ मा नेहरुको निधन भयो । चीनसँग डराएको नयाँदिल्लीले कालापानी छोडेन । महेन्द्रपछि राजा बनेका वीरेन्द्र, ज्ञानेन्द्रले पनि कालापानीको सन्दर्भ भारतसँग कोट्याउन चाहेनन् । अहिले देशमा गणतन्त्र छ । राजाका ठाउँमा थुप्रै छोटे राजाहरुको उदय भएको छ । तर कोही पनि कालापानीको मुद्दा भारतसँग उठाउन तयार छैनन् ।

नेपालको राष्ट्रियता सार्वभौमिकता र क्षेत्रीय अखण्डताको संरक्षणको निम्ति नेपाली जनताले चलाएको संघर्षको इतिहास गौरवमय र वीरतापूर्ण छ । सन् १८१४-१६ सम्म नेपाल राष्ट्रको रक्षाको निम्ति हाम्रा पुर्खाहरुले गरेको संघर्षले अहिले पनि विश्वसामु बहादुर गोर्खालीको नामले नेपालीहरुलाई चिनाउने गरेको छ । सुगौली सन्धिका कारण पूर्वमा टिस्टा र पश्चिम काँगडासम्म फैलिएको विशाल नेपालले ठूलो भूभाग गुमाउनु पऱ्यो । हामी नेपालीहरु मेची र महाकालीमा सीमित हुन विवश भयौं । सन् १९५० को नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिको धारा ८ मा उल्लेख छ- त्यो सन्धिले नेपाल र ब्रिटिस भारतबीच भएका सबै सन्धि सम्झौता प्रतिज्ञापत्रलाई खारेज गरेको छ । तर भारतले सन् १९५० अघिका कुनै पनि सन्धि सम्झौता खारेज गरेको छैन । सन् १८१६ को सुगौली सन्धि १९२३ को नेपाल ब्रिटेन शान्ति सन्धि, १९४७ को त्रिपक्षीय सन्धि आदि अझै ज्युँदै छन् । १९५० को सन्धि पूर्णरुपले कार्यान्वयन गरिएको भए नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म पुग्ने थियो । नेपाल र भारतबीचको सम्बन्ध पुनरावलोकनका लागि प्रबुद्ध व्यक्ति समूह गठन गरिएको छ । सन् १९५० को सन्धिदेखि अहिलेसम्मका सबै सहमति र सम्झौताको अध्ययन, मनन र अनुसन्धान विश्लेषण तथा अन्तर्क्रिया गरी सरकारलाई सुझाव पेस गर्ने काम समूहलाई सुम्पिएको छ । १९५० को सन्धिबाहेक व्यापार पारवहन, सीमा व्यवस्थापन, जलस्रोत, सीमावर्ती बाँध आदि मुख्य छन् । १९५० को सन्धि पुनरावलोकन, समायोजन, अद्यावधिक मात्र गर्ने विषयमा थुप्रै द्विपक्षीय छलफल भएका छन् । निचोड आउन बाँकी नै छ ।

दक्षिण एसियामा आफ्नो विस्तारवादी तथा प्रभुत्ववादी चरित्र प्रदर्शन गर्दै आएको भारतीय शासक गुट नै नेपालको राष्ट्रियतामाथि गम्भीर खतरा बनेर उभिएको छ । नेपालभित्रका नदीनाला, प्राकृतिक साधन र स्रोतमाथि एकलौटी आधिपत्य र हैकम कायम गर्न भारतीय शासक वर्गले नेपाली शासकहरुलाई भरपर्दो साधनको रुपमा उपयोग गर्दै आएको छ । नेपाली शासकहरुले विदेशी शक्तिका अघि घुँडा टेक्ने आत्मसमर्पणवादी नीति व्यवहारले नेपाली राष्ट्रिय अस्मिता लुटिएको हेर्न नेपाली जनता बाध्य छन् । कालापानी मात्र होइन भारतले अतिक्रमण गरेका सुस्ता लगायतका दर्जनौं भूभागमाथि नेपालको स्वामित्व कायम गर्न जनता उठ्नैपर्छ ।

## व्यापारघाटा...

बेहोरिरहेको तथ्यांक छ । चालु आर्थिक वर्षमा सरकारले १२ खर्ब ७८ अर्ब ९९ करोड रुपैयाँ बराबरको बजेट ल्याएको थियो । यस वर्ष व्यापारघाटा ९ खर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ । चालु आबको नौ महिनामै नेपालले ८ खर्ब १६ अर्ब रुपैयाँ व्यापारघाटा बेहोरिसकेको छ । सरकारले आर्थिक वर्ष २०७३।७४ का लागि १० खर्ब ४८ अर्ब ९२ करोड रुपैयाँ बराबरको बजेट ल्याएको थियो । सोही आबमा नेपालले कुल ९ खर्ब ११ अर्ब २६ करोड व्यापारघाटा बेहोरेको थियो । नेपाल कृषि प्रधान देश भनिए पनि बर्सेनि ३ खर्ब रुपैयाँ बराबरका कृषिवस्तु आयात हुन्छन् ।

## जामले...

गरेको छ । जडीबुटीको चौबाटोमा बस्ने ट्राफिक प्रहरीले हाइवेका गाडीलाई मात्र प्राथमिकता दिने गरेको र पेप्सिकोला तर्फकालाई बढी समय जाममा राख्ने गरेको गुनासो त्यस भेगका सर्वसाधारणले गरेका छन् ।

काठमाडौं उपत्यकामा अहिले सबै ठाउँमा जामको समस्या छ । त्यसमा पनि कोटेश्वर जडीबुटीको जामले यात्रुलाई गम्भीर समस्यामा पार्ने गरेको छ । ट्राफिक लाइटको व्यवस्था सबै चोकहरुमा हुन सकेको छैन । त्यसले गर्दा ट्राफिक प्रहरीको तजबिजअनुसार यातायातका साधनहरु रोक्ने छोड्ने गरिन्छ । यातायातका साधनहरुले लेन अनुशासन पालन नगरेका कारण पनि जाम हुने गरेको छ । छिटो जान अर्को लेनतर्फ छिर्नाले दुवैतर्फका साधनहरु जाममा फस्ने गरेका छन् । काठमाडौं उपत्यकामा यातायातको बेथिति बढेको धेरै लामो समय भइसक्यो । प्रसिद्ध हास्य व्यंग्यकार भैरव अर्यालले त्यस समयमा नै 'पथ सात फुटे बस नौ गजको, सिट बीस भए भीड सौ तकको' भन्ने हरफ लेखेर यातायातको बेथितिबारे उजागर गरेका थिए । अहिले यात्रु र साधनको चाप वृद्धिले अवस्था अत्यन्तै कहालिलाग्दो भइसकेको छ ।

जामका कारण अस्पताल, स्कुल, कलेज, कार्यालय कहिल्यै समयमा पुग्न नसकिने समस्या उत्पन्न भएको छ । यत्रो ठूलो संख्याका मानिसको जाममा खेर गएको समय घन्टा जोड्ने हो र त्यसलाई श्रमको मूल्यमा रुपान्तरण गर्ने हो भने जामले दिनहुँ करोडौंको क्षति भइरहेको छ । यो क्षतिबाट मुक्त गराउन र जनताको जीवन सहज बनाउन सम्बन्धित सबैले ध्यान पुऱ्याउन आवश्यक छ ।

## भ्रमणका नाममा...

गरिबी निवारण मन्त्रालयलाई सरकारले उपलब्ध गराएको रकमभन्दा बढी हो । यी दुई मन्त्रालयलाई आर्थिक वर्ष २०७४।७५ का लागि सरकारले क्रमशः एक अर्ब २१ करोड र एक अर्ब ६६ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । अर्थमन्त्रालयको प्रतिवेदनअनुसार गत आर्थिक वर्षको बजेटमा शीर्षक २२६१२ मा कर्मचारीको भ्रमण खर्चका लागि एक अर्ब ४९ करोड ८९ लाख ३२ हजार रुपैयाँ छुट्याइएको थियो । बजेटमा वर्षभरिको भ्रमण खर्च डेढ अर्ब रुपैयाँ छुट्याइए पनि उक्त वर्ष कर्मचारीले भ्रमणमा दुई अर्ब २० करोड ७ लाख ८५ हजार खर्च गरेका छन् । भ्रमणका नाममा फजुल खर्च रोक्न सरकारले वैदेशिक भ्रमण निर्देशिका २०७५ जारी गरेको छ ।

## गण्डकपीडित...



नियन्त्रण संघर्ष समिति नवलपरासीका अध्यक्ष दूधनाथ गुप्ताले बताए । क्षतिपूर्ति दिलाउनका लागि २०६५ जेठमा भारतमा सिँचाइका लागि पानी जाने नहर थुनेर 'पानी रोकौं' आन्दोलन गरिएको थियो । गन्डकपीडितको माग सम्बोधन गर्न नेपाल र भारतीय पक्षबीच २१ बुँदामा सहमति भएको थियो । तर, भारतीय पक्षले ती सहमति कार्यान्वयन नगरेका कारण समस्या ज्यूँको त्यूँ यथावत् रहेका कारण गन्डक कमान्ड क्षेत्रमा पीडा बढ्दै गएको समितिका प्रवक्ता बृजराज कुशवाहाले जानकारी दिए । भारतले गन्डक सम्झौताअनुसार विगत १५ वर्षको क्षतिपूर्ति दिनुपर्ने माग गरिएको छ । नेपाल पक्षको कमजोरीका कारण भारतीय पक्षले क्षतिपूर्ति दिन ढिलाइ गरिरहेको छ । 'नवलपरासीका गन्डकपीडितका लागि उपरोक्त प्रयास गर्दागर्दै १० वर्षको समय खेर गएको छ, अब धैर्यताको बाँध भत्किन लागेको छ । तसर्थ स्थगित गरिएको 'पानी रोकौं' आन्दोलनलाई गन्डकपीडितले पुनः थाल्नका लागि विवश भइरहेकाले जुनसुकै बेला गन्डक नहरको पानी थुन्न बाध्य हुनेछौं'-समितिका अध्यक्ष गुप्ताले भने ।

विगत १५ वर्षको क्षतिपूर्तिबापत भारतले दुई अर्ब ९३ करोड ६० लाख ९३ हजार ८३ नेपाली रुपैयाँ दिनुपर्ने नेपाली किसानको माग-दावी रहँदै आएको छ । सो रकम पाउनका लागि नेपाल सरकारको २०६६र०९र२८ को निर्णयानुसार सिँचाइ मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई २०६६र०९र२९ गते उक्त रकमका लागि पत्र पठाइसकेको र परराष्ट्र मन्त्रालयले पनि दुईपटक भारतीय दूतावासलाई पत्र लेखिसक्दा पनि केही सकारात्मक उपलब्धि हुन नसकेको प्रवक्ता कुशवाहको भनाइ छ । *स्रोत : रासस*

## मदनपथमा...

भण्डारीको जनताको बहुदलीय जनवादको पवित्र गंगामा नुहाइधुवाइ गरेर युद्धका अपराधहरु पखाल्नेछन् । आखिर माओवादीहरु एमालेकरण नै हुनु थियो भने १७ हजार बढी निर्दोष नागरिकहरुको ज्यान जाने युद्ध किन लड्नु थियो ? दुईतिहाई बहुमत ल्याएर नयाँ संविधान जारी गरी नयाँ जनवाद लागू गर्ने मदनपथमा प्रचण्ड आएपछि के अब जनवादी व्यवस्था नै आउने छ ? यस्तो सोच्नु व्यर्थ छ किनकि नाम कम्युनिस्ट राखे पनि न त प्रचण्ड न ओली नै कम्युनिस्ट हुन् । जनपक्षीय संविधान ल्याएर जनवाद स्थापना यिनले गर्नेछन् भनेर सोच्नु दिवास्वप्न मात्र हो ।

नियात्रा

**खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-२३



नेपालमा नै होटल म्यानेजमेन्टमा डिप्लोमा पास गरेर बेलायत पसेकी नानी । बेलायतबाट होटल मेनेजमेन्ट र एमवीएमा डिग्री गरेको रहिछिन । विनोदजी र हामी विदुरजीको घरमा गएर भेटौ । विनोदजीसँग छोरीको कमेसिकसनमा नै भेट भएको थियो रे । विनोदजीको भाञ्जाको पनि दीक्षान्त समारोह रहेछ । उही भेट भएझेले चिनजान पनि उही भएछ । उपमेहर भएकोले नाम त सुनेकै थियो । उनले घरमा आमन्त्रण गरे । गाडी लिएकै थियो । विदुरजी रउहाँकी मेडमलाई साथमा लिएर विनोदजीको घरमा फिरियो ।

घरमा आएर विदुरजीले काको, गाजर, पापडका साथमा कडा दारु खाए । आफूले यी नै पदार्थका नौ बज्दा विनोदजीको मेडम विमलाको अस्पतालबाट सवारी भयो । उप्रेतीजी र विदुरजी मामा भाञ्जा पर्दा रहेछन् । यही चिनजान भयो । चार परिवारको भेटघाट रमाइलै भयो । बेलुका निकै ढिलो गरी सुत्ने अवसर मिल्यो । सुताइका लागि हामीलाई छुट्टै कोठा र खाटको व्यवस्था रहेछ । नजिकै अस्पताल भएकोले गाडीको आवतजावत चाहि अलि बढी नै हुँदो रहेछ । समय समयमा नै उठियो । भाइहरु अघि नै उठेर चिया बनाई तयार भएका रहेछन् ।उठनासाथ चिया खान पाइयो । टोस्ट पनि बनाएर अतिथि सत्कार गरे । भरपुर खाइयो । खाना खाएर मात्र हिड्न गरेको आग्रहलाई स्वीकार गर्न सकिएन । विनोद भाइले आमन्त्रण गरे गाडी आफै हाँकेर लिन आए । हामी दुई जना गाडीमा गयौं, दिनभरी चरियो । विहान पनि भरपेट थैलो भरेर फेरि पनि गरिब २ घण्टाको ड्राइभ निश्चय पनि आवश्यक भन्दा बढी विनोद बाबुलाई दुःख पुऱ्याएको महशुस भयो । भाइ, भन्दैमा अति गर्न निश्चय पनि सुहाउने कुरा थिएन । आफूले त ट्रेनमा बस भए त्यसैबाट यात्राको प्रस्ताव पनि राखेको थियो । तर भाइजीबाट प्रस्ताव स्वीकार भएन । यसैले उनले छम्पीका केसी भाइलाई पनि साथमा लिएर गाडी लिएर उलिचमा पुऱ्याइ दिए । भाइको ऋणी भएको महशुस त होइन । उनको सहयोगको लागि सहयोग सम्भावना छैन । सहयोग वार्टर सिस्टम पनि त होइन । सहयोगको बराबर सहयोग त आवश्यक हुदैन ।

मोरडन क्षेत्रमा पनि वीस पच्चिस घर नेपालीहरु पनि छन् रे । विहा ब्रतबन्ध, न्वारान जस्ता सबै कार्यक्रममा एक अर्काको आमन्त्रण र भेटघाट सबैमा दुःख सुख बाट्ने परम्परा बसालेको एक दिनको पाहुनालाई के वित्छ र खुशी लाग्नु सिवाह केही हुदैन । एक जना भूतपूर्व मन्त्री विजय प्रकाश थेवे पनि बेलायतमा बस्दा रहेछन् । उनको ऐश्वर्य र सम्मान देखेर विनोद पनि बढी प्रभावित भएकोमा खुशी नै लाग्यो । नेपालीहरु देश बाहिर गएर सम्मानपूर्ण शान शौकतमा बस्न सक्ने नेपाली प्रति गौरवपूर्ण खुशी व्यक्त गरिनुपशी लाग्नु सिवाह केही हुदैन । एक जना भूतपूर्व मन्त्री विजय प्रकाश थेवे पनि बेलायतमा बस्दा रहेछन् । उनको ऐश्वर्य र सम्मान देखेर विनोद पनि बढी प्रभावित भएकोमा खुशी नै लाग्यो । नेपालीहरु देश बाहिर गएर सम्मानपूर्ण शान शौकतमा बस्न सक्ने नेपाली प्रति गौरवपूर्ण खुशी व्यक्त गरिनुपर्छ । यस ठाउँमा पोखरा तिरका गुरुङ्ग दाज्यू भाइहरुले राम्रो संगठित जीवन विताउँदै गरेकोमा पनि खुशी नै लाग्यो । तर विनोदजीको मेडम अस्पतालमा नै भएको बेले दिन भरी घरमा बसियो ।

बेलुका खाना खाउञ्जेलसम्म केही छिन कुराकानी भयो । विदाको दिन विमला वहिनी नउठ्दै हिडनु पर्ने भएकोले अलिकति आफ्नै तर्फको गुनासो रह्यो । अरु दुई दिन खुशीले विताइयो । ओलम्पिक ग्रामको विवरण पनि उस्तै राम्रो छ । ट्राटफोड रेल स्टेसनको अन्तिम किनारामा ओलियो । यो ठूलै शहर पनि राम्रो रहेछ । ओलिम्कि ग्राम पस्न बाटो खोजियो । तल झरियो । माथि चढियो । मेसिनमा बस्नु मात्र पर्छ । उसैले तल माथि गराई हाल्छ । तर यहाँ यो बाटो देखि त्यो बाटो पुग्न पनि बाटो किन्नु पर्छ । ओष्टर कार्डले मेसिनमा नवजाएसम्म बाटो खुल्दैन । बाटो किन्न पनि धेरै पैसा खर्च बुझाउनु पर्ने । यो कस्तो विकासे मुलुक हो ।

एक जना सुरक्षाकर्मीलाई ओलिम्पिक ग्राम जाने बाटो सोधियो । बाटो त यात हो । तर भित्र पस्न नदिन पनि सक्छन् भन्ने सूचना पाइयो । एक टेसन अघि गइयो । रेलबाट उत्रियो । अलिपर बनेको स्टेडियम देखियो । स्टेडियम वरिपरि मानिसहरु घुमिरहेको देखियो । गाडी पुग्दो रहेनछ । एउटा सानो बाटो । तल स्टेसनबाट झरियो । तल स्याङ्गजाको एउटा गुरुङ्ग मार्क सुरक्षा काममा खटिएको रहेछ । अर्को पट्टि पाँचथरको लिम्बु भाइ सलाम आदान प्रदान भयो ।एउटा सानो पाँच फुटे बाटोबाट अघि बढियो । बाटा वरिपरि प्रशस्त झागिएको बाटो बृक्षहरु छन् ।अलि पर निमोषको काम भइ रहेछ । यहीबाट नजिकै स्टेडियम छ । पुरा ओलम्पिक ग्रामको नक्सा पनि राखिएको रहेछ । स्थलेटिक्स क्षेत्र अलि अर्कै पाटमा बनाइदै रहेछ । स्टेडियम वरिपरि पुग्न नपाइने । ग्राउण्ड पनि हरियो देखियो । एक दुई स्त्याप लिएर अघि बढियो । स्टेडियमको क्षेत्र काटेर पनि अघि बढ्यो । साँझको आठ बजि सक्यो घाम अस्ताउने कममा मात्र छ । यहाँ १० बजे सम्म घाम अस्ताउँदा रहेनछन् । अब भने एकान्त क्षेत्रमा धेरै वेर वस्न हुँदैन । ठाउँ मात्र बेलायत । बेलायतमा संसारका मानिस छन् । मानिस लोभी पनि छन् । चोर पनि छन् । यसैले डर भनेको मनमा हुनुपर्छ । मनमा डर भएन भने मानिसले दुसाहस गर्न सक्छ । नसक्ने काम गर्छ र अप्ठेरोमा पर्न सक्छ । डर नकरात्मक मात्र । स्वभाविक गतिमा डर त्रास र आँट साहसलाई समायोजन गर्न सक्नु पर्छ ।यी सबै विषयलाई ठिक ठिक पाराले मानवीय जीवनमा परिपालना गर्न सकेमा जीवन प्रशस्त आवाद बन्न सक्छ । हामी समय मै फर्कन स्टेसनमा फर्क्यौ ।

ज्यानमा भोक लाग्नु स्वभाविक हो । तिर्खा दिनभरको घुमाइमा शरीरमा भएको पानी खर्च हुन्छ । तिर्खा लाग्छ । यो दुइटा पक्षले मानव जीवनको दैनिकीमा उपस्थिति स्वभाविक हुन्छ । डिपार्टमेन्टल स्टोरमा पसियो । केही खाइ खान्किका सामान खरिद गरियो । कोक किनियो । बसेर खाने ठाउँ छैन । पसलको किनारामा चौर रहेछ । चौर बस्न लायक भएन । फोहर रहेछ । खान्की पयक खोलियो । उभिएर नै आफ्नो भाग सिध्यायो । कोक जुस पिइयो । सानी छोरीले कुरा उठाइन । यस्तो किनारामा बसेर खाइयो भने यी त ड्रगिष्ट पो रहेछन् भन्ने सोच्छन् । जाऔंको प्रस्ताव राखिन् । उडियो चलियो ट्रेनमा चढ्न बाटो समेत किन्न ओष्टर कार्डले मेसिनमा छुवाइयो । ट्रेन सम्म बाटो मिल्यो । गइयो बसियो । बसैलाई बस्न ठाउँ पुगेन । उमाजी र म भने बस्यौ । अघि पट्ट एक जना अधवैसे सेतीसंग आँखा जुधे विचरा जाँचका लागि हो या पपर प्रेजेन्टका लागि तयारीमा थिइन । ती पेपपर ओल्टाइ पल्टाइ पढ्दै थिइन । तर ती अलि मायालु थिइन । कसो कसो आकर्षणका आमा छारिदै थिए । आफूमा विद्यमान रहेका बैसका तन्तु पनि जवानीका झनक झै चलमलाउ जमर्को गर्न थाले उनका निसंकोच टटोल्ने वानीले पनि छिपिएको ज्यानमा आनन्द भर्न प्रयास गऱ्यो । तर पढ्दै गरेको वहानामा कमि आएको थिएन । ओर्लनु पर्ने टेसन आयो । उनको पनि टेसन यही रहेछ । यात्रा र उनको ।सथ पनि यही समापन भयो । उनी अर्कै गेटबाट बाहिरिइन । परिवारले अर्को रेलमा प्रवेस गऱ्यो । केही छिनमा रेलले उलिच आर्सनल टेसनमा आफ्ना चक्कालाई विश्राम दियो । हामी बाहिरीयौ । आमा छोरीले सल्लाहा मिलेछ । चाइनिज रेष्टुरेण्टमा हाम्रो प्रवेश भयो । मिनुमा चिनो लाग्यो । खान धेरै मागिएछ । चाउमिनको एक थाली चाहि होम प्याक गरेर ल्याइयो । घरमा आइयो । आजतक खोलियो । रामदेवका मित्र बालकृष्णको प्रमाणपत्र नक्कली भएको प्रमाणित भयो रे । उनी दुई दिन देखि हराउका छन् रे । भ्रष्टाचारको युद्धा हाउसमा गुंजापमान थियो । धेरै संरचना भारतका सामु खडा भएका छन् । समाधान भारतीय काँग्रेसको सरकारले निष्टारा लाउँन कठिन देखिदैछ ।

(क्रमशः)